# नेपालमा आदिवासी अधिकार

## नीतिगत अवस्था, चुनौती र अवसरहरू

**सम्पादन सल्लाहकार**

शान्ति कुमारी राई  दिनेश कुमार घले
शंकर लिम्बू  भिम राई
अमृत योन्जन-तामाङ

**सम्पादक**

टहल थामी
गोबिन्द छन्त्याल

नेपालमा आदिवासी अधिकार
नीतिगत अवस्था, चुनौती र अवसरहरू
सम्पादक
टहल थामी, गोबिन्द छन्त्याल

Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples
LAHURNIP
1995
Kathmandu, Nepal

ISBN 9879937913539

# नेपालमा आदिवासी अधिकार

## नीतिगत अवस्था, चुनौती र अवसरहरू


### सम्पादन सल्लाहकार

शान्ति कुमारी राई	दिनेश कुमार घले

शंकर लिम्बू	भिम राई

अमृत योन्जन–तामाङ

### सम्पादक

टहल थामी

गोबिन्द छन्त्याल

# नेपालमा आदिवासी अधिकारः नीतिगत अवस्था, चुनौती र अवसरहरू

**प्रकाशकः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)**
**अनामनगर, काठमाडौं ।**

**पो.ब.नं.: ११११७९**
**फोनः +९७७ ०१ ४२६८५१०**
**इमेलः** lahurnip.nepal@gmail.com
वेबसाइटः www.lahurnip.org
© LAHURNIP, 2017
**लेआउटः खापुङ, क्रियसन**
**अनामनगर, काठमाडौं ।**

ISBN: 978-9937-9135-3-9

---

Indigenous Peoples Rights in Nepal: Policy Status, Challenges and Opportunities

Editorial Advisors: Shanti Kumari Rai, Dinesh Kumar Ghale, Shankar Limbu, Bhim Rai, and Amrit Yonjan-Tamang.
Edited by Tahal Thami/Gobinda Chhantyal

**संक्षेपीकरण**

| | |
|---|---|
| आईएलओ | अन्तर्राष्ट्रिय श्रम संगठन |
| आजउराप्र | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान |
| आ.व. | आर्थिक वर्ष |
| ऐऐ | ऐजन ऐजन |
| गाविस | गाउँ विकास समिति |
| जिविस | जिल्ला विकास समिति |
| नपा | नगरपालिका |
| नि.नं. | निर्णय नम्बर |
| नेकपा | नेपाल कम्युनिष्ट पार्टी |
| ने.का.प. | नेपाल कानून पत्रिका |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| बि. | बिरुद्ध |
| यूएनड्रीप | आदिवासी अधिकारसम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र |
| रा.शि.आ. | रष्ट्रिय शिक्षा आयोग |
| लाहुर्निप | नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह |
| वि.सं. | विक्रम संवत् |
| सी.बी.आर. | समुदायमा आधारित पुनर्स्थापना |
| सं. | सम्पादक |

# Abbreviation

| | |
|---|---|
| AD | Anno Domini |
| ADB | Asian Development Bank |
| AGRBS | Access to Genetic Resources and Benefit |
| Sharing | |
| AIPP | Asia Indigenous Peoples Pact |
| CA | Constituent Assembly |
| CBD | Convention on Biological Diversity |
| CBR | Community Based Rehabilitation |
| CBS | Central Bureau of Statistics |
| CEDAW | Convention on the Elimination of all Forms of Discrimination against Women |
| CERD | Convention on the Elimination of All Forms of Racial Discrimination |
| COP | Conference of the Parties |
| CPN | Communist Party of Nepal |
| CRC | Convention on the Rights of the Child |
| CSR | Corporate Social Responsibility |
| CSRDSP | Committee for State Restructuring and Division of State Power |

| | |
|---|---|
| DDC | District Development Committee |
| DFID | Department for International Development |
| EA | Electricity Act |
| EIA | Environment Impact Assessment |
| FPIC | Free, Prior and Informed consent |
| GI | Governance Index |
| GL | Generation License |
| GoN | Government of Nepal |
| GSI | Gender and Social Inclusion |
| HDI | Human Development Index |
| HLSRRC | High Level State Restructuring Committee |
| ICCPR | International Covenant on Civil and Political Rights |
| ICESCR | International Covenant on Economic, Social and Cultural Rights |
| ICIMOD | International Centre for Integrated Mountain Development |
| IEE | Initial Environmental Examination |
| IFAD | International Fund for Agricultural Development |
| IFC | International Finance Corporation |
| ILO | International Labour Organisation |
| INC | Indigenous and Nationalities Commission |
| IPPs | Independent Power Producers |
| IPs | Indigenous Peoples |
| IWGIA | International Work Group for Indigenous Affairs |
| LAHURNIP | Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples |
| LGBTI | Lesbian, Gay, Bisexual, Transgender & Intersex |
| LTR | Lands, Territories and Resources |
| MAT | Mutually Agreed Terms |
| MoAD | Ministry of Agricultural Development |
| MoFSC | Ministry of Forest and Soil Conservation |
| MoFSC | Ministry of Forests and Soil Conservation |
| MoLJPA | Ministry of Law, Justice & Parliamentary Affairs |

| | |
|---|---|
| MoPE | Ministry of Population and Environment |
| MW | Mega Watt |
| NBSAP | National Biodiversity Strategy and Action Plan |
| NC | Nepali Congress |
| NEFIN | Nepal Federation of Indigenous Nationalities |
| NESAC | Nepal South Asia Centre |
| NFDIN | National Foundation for Development of Indigenous Nationalities |
| NPC | National Planning Commission |
| NTFPs | Non-Timber Forest Products |
| PES | Payment for Ecosystem Services |
| PI | Poverty Index |
| SL | Survey License |
| SOM/P | Standard Operating Manual/Procedures |
| SRHLRC | State Restructuring High Level Recommendation Commission |
| UCPN (Maoist) | Unified Communist Party of Nepal (Maoist) |
| UML | Unified Marxist Leninist |
| UN | United Nations |
| UNCED | United Nations Conference on Environment and Development |
| UNDP | United Nations Development Programme |
| UNDRIP | United Nations Declaration on the Rights of Indigenous Peoples |
| UNPFII | United Nations Permanent Forum on Indigenous Affairs |
| VDC | Village Development Committee |
| WB | World Bank |
| WRA | Water Resource Act |
| WSSD | World Summit on Sustainable Development |

# प्रकाशकीय

संविधानसभामार्फत संविधान निर्माणलाई लोकतन्त्रको उत्कृष्ट नमूना मानिन्छ। इतिहासमा यस्ता अवसर बिरलै आउँछ। नेपालको सन्दर्भमा पनि नेपली जनताको लामो संघर्षपछि यो अवसार जुरेको हो । तर जसरी संविधानसभाले आम जनता तथा समुदायहरूको अधिकारका आवाजहरूको सम्बोधन गर्नुपर्थ्यो, त्यो हुन सकेन । संविधानसभाबाट बनेको संविधानमासमेत आदिवासीलगायतका समुदायहरूको अधिकार सुनिश्चित हुन नसक्दा असन्तुष्टिहरू झन बढेका छन् । त्यसको समाधान बेलैमा निकाल्न नसके देश भयंकर दुर्घटनमा पर्न सक्छ । त्यसरी संवैधानिक अधिकारबाट वन्चित एक समूह हो आदिवासी । ती समूहहरूको अधिकारका सम्बन्धमा संविधानमा भएका व्यवस्था र उनीहरूले चाहेको अधिकारका सम्बन्धमा गत पुष २२-२३, २०७३ (6-7 Januray 2017)मा काठमाडौंमा बृहत् सम्मेलनमा छलफल भएको थियो । सो कार्यक्रमको आयोजना गर्न पाउँदा लाहुर्निप गर्व महशूस गर्दछ ।

सो कार्यक्रम आयोजनामा विभिन्न व्यक्ति, व्यक्तित्व तथा संघसंस्थाहरूको अमूल्य सहयोग लाहुर्निपलाई मिलेको थियो। यसरी सहयोग तथा सल्लाह सुझाव दिनुहुने डा. कृष्ण भट्टचन र डा. नवीन राईप्रति हामी आभारी छौं । त्यसैगरी United Nations Permanent Forum on Indigenous Issues (UNPFII) का उपाध्यक्ष Mr. Raja Devasish Roy, सोही निकायकी सचिवालयबाट पाल्नु भएकी Ms. Julia Raavad, र International Work Group for Indigenous Affairs (IWGIA) बाट कार्यक्रममा सहभागी बन्न आउनु भएका Mr. Christian Erniप्रति लाहुर्निप आभारी छ । त्यस्तै कार्यक्रमलाई सफल पारिदिन सहयोग गर्नुहुने अमृत योन्जन तामाङ, यशोकान्ती भट्टचन, डम्मर लोहोरुङ, डम्बर तेम्बे र नारायण निङलेखुप्रति पनि धन्यवाद व्यक्त गरिन्छ ।

सो कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि महत्वपूर्ण सहयोगका United Nations Permanent Forum on Indigenous Issues (UNPFII), International Work Group for Indigenous Affairs (IWGIA), International Fund for Agricultural Development (IFAD), United Nations Development Programme (UNDP) लाई पनि धन्यवाद टक्रयाइन्छ । साथै कार्यक्रमा उपस्थित भई कार्यक्रमको शोभा बढाई दिनु भएकोमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय अनुपराज शर्मा, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष चन्द्रबहादुर गुरुङ र सदस्यसचिव गोविन्द माझीप्रति लाहुर्निप कृतज्ञ छ । त्यसै गरी नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महसंघलाई पनि धन्यवाद साथै सो कार्यक्रममा गरिमामय उपस्थितिका लागि माननीय सांसदहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, बुद्धिजीविहरू, राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न राजदूतावासका प्रतिनिधिहरू, व्यापारिक क्षेत्रका प्रतिनिधिहरू, सरकारी निकायका प्रतिनिधिहरू, संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू र सामाजिक अभियन्ताहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गरिन्छ ।

यस पुस्तकमा सो कार्यक्रममा प्रस्तुत कार्यपत्रहरू समावेश गरिएका छन् । कार्यक्रममा कार्यपत्र प्रस्तुत गरिदिनुहुने विभिन्न मन्त्रालयका प्रतिनिधि-कर्मचारीहरू तथा बुद्धिजीविहरूप्रति पनि लाहुर्निप आभारी छ । साथै यस पुस्तक प्रकाशनमा प्रत्यक्ष तथा परोक्ष रुपमा योगदान गर्ने सबैप्रति हामी आभार व्यक्त गर्दछौं ।

**शान्ति कुमारी राई**
अध्यक्ष

## **विषय सूची**/Content

संक्षेपीकरण / Abbreviation
प्रकाशकीय

## **लैंगिक समानता, संस्कृति र भाषा**

नेपालमा महिलाको अवस्था र सुधारका प्रयासहरू
नारायण बहादुर कुवँर ३

आदिवासी जनजाति महिला र बालबालिकाका सन्दर्भमा नेपाल सरकारको नीति र अन्तर्राष्ट्रिय प्रावधानहरू
कैलाश राई २९

नेपालमा मातृभाषाको उपयोगः नीतिगत र कार्यगत अवस्था
डा.डिल्लीराम रिमाल ५३

मातृभाषा, मातृभाषामा शिक्षा र संस्कृतिसम्बन्धि राज्यको नीति
अमृत योन्जन-तामाङ १०५

## संविधान, कानून र नयाँ बन्ने कानूनहरूमा सामुहिक र आदिवासीको अधिकार

Legal framework on the rights of indigenous peoples in Nepal: Analysis of the gaps and the way forward
Toyanath Adhikari 161

आदिवासी जनजाति मानवअधिकारसँग सम्बन्धित नीतिगत व्यवस्था र क्रियाकलापहरूको विश्लेषण
सरिता ज्ञवाली १८१

प्रचलित कानूनमा आदिवासी जनजाति सम्बन्धी व्यवस्था
शंकर लिम्बू १९९

## भूमि अधिकार, संरक्षित क्षेत्रहरू र जलवायु परिवर्तन

भूमिसुधार र व्यवस्थापनको क्षेत्रमा भएका नीतिगत व्यवस्थाहरूको विश्लेषण
लीलानाथ दाहाल २१९

नेपालका अदिवासी जनजातिको भूमि र भूमि अधिकार
नन्द कन्दङ्वा २५७

and Forest Resources in Nepal
Dhananjaya Lamichhane 289

Ensuring Indigenous Peoples' Rights in Policies on Forest, Water and other Natural Resources: Issues, Challenges and Way
Dr. Krishna B. Bhattachan 309

## व्यापार र मानवअधिकार, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार, संघीयता र राज्य पुनर्संरचना

आदिवासी/जनजाति अधिकार संरक्षण तथा विकासका लागि गरिएका प्रयास, समस्या र सुझावहरू
लीला अधिकारी ३४७

State Restructuring and Federalism in Nepal
Krishna Hachhethu ३६७

Policies related to the Electricity Development in Nepal
Sagar Raj Goutam 383

Community Engagement in Hydropower Development: Issue and Challenges
Padmendra Shrestha 395

अनुसूचीहरू/Annexes ४१५

# लैंगिक समानता, संस्कृति र भाषा

# नेपालमा मातृभाषाको उपयोगः नीतिगत र कार्यगत अवस्था

डा. डिल्लीराम रिमाल

## विषय प्रवेश

नेपाल बहुसाँस्कृतिक र बहुभाषिक मुलुक हो । यहाँ १२३ भाषा बोल्ने मानिसहरू बसोवास गर्दछन् । यी भाषाहरूमध्ये कतिपय भाषा प्रचलित र समाजमा अस्तित्वमा रहेका छन् भने कतिपयको वक्ताको संख्या दिनानुदिन कम हुँदै गइरहेको छ । आवधिक रूपमा सम्पन्न गरिने राष्ट्रिय जनगणनाहरूमा वक्ताहरू किटान गरिएका भाषाहरूको संख्या प्रत्येक प्रतिवेदनमा फरक-फरक रहेको देखाइएको पाइन्छ । नेपालमा भारोपीय, भोटचिनियाँ, अग्नेली र द्रविड गरी जम्मा चार परिवारका भाषाहरूको उपयोग भएको पाइएको छ । कानुनी रूपमा नेपालका स्थानीय भाषाहरू सिकाइका माध्यम र विषयका रूपमा उपयोग गर्दै आएको पाइन्छ । नेपालको संविधान, २०७२ ले आधारभूत तहका बालबालिकाका लागि मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित

गरिएको छ । संविधानतः नेपालमा बोलिने सबै भाषाहरूलाई राष्ट्र भाषाको रूपमा उल्लेख गरिएको छ ।

भाषामा कुनै पनि समाज, मुलुक वा जाति विशेषको संस्कृतिसमेत समाहित भएको भेटिन्छ । प्रत्येक भाषा त्यस मुलुकका सामाजिक सम्पदा हुन् । सामाजिक सम्पदाले नै राष्ट्रलाई विश्वसामु चिनाउन सक्छ । भाषाले समाजिक परम्परा र संस्कृति झल्काउँछ । त्यसैले भाषा संरक्षण, संवर्धन र ब्यवस्थापन अपरिहार्य भएको छ ।

समाजले विभिन्न भाषाहरूको प्रयोग गर्ने अवस्था र मातृभाषामा शिक्षा दिने कुरा एकै होइनन् । यी सन्दर्भलाई सहसम्बन्धात्मक बनाइनु आवश्यक छ । तर एउटै निकायबाट दुवै काम सम्भव छैन । राज्यले भाषा उपयोगको नीति, रणनीति र सो अनुसारका योजना निर्माण गरी तत्अनुसारका कार्यक्रम कार्यान्वयन गर्न तयार भई अघि बढ्नु जरुरी छ ।

मानिसको पेशा तथा व्यावसायको पहिलो आधार शिक्षा हो । आधार भूत, माध्यमिक र उच्च शिक्षाको प्राप्तिका लागि मानिसले व्यक्तिगत प्रयत्न गर्नुपर्ने अवस्था देखिन्छ । कुनै मानिसले पाउने शिक्षाले नै उसको भावी जीवनका गतिविधि संचालन गर्न सहयोगी भूमिका निर्वाह गर्दछ । अधिकांश देशमा आधारभूत शिक्षा सरकारले, माध्यमिक शिक्षा सामुदायले र उच्च शिक्षा व्यक्तिगत प्रयत्नमा सम्पन्न गरिन्छ । व्यक्तिले सिक्ने शीप जसले उसको भावी दिनको कार्य वा व्यावसायिकता निर्धारण गर्दछ । स्थानीय आवश्यकता परिपूर्ति र स्थानीय प्रभावकारी संचारका लागि मातृभाषाको उपयोगलाई महत्वपूर्ण आधार बनाइएको छ । स्थानीय समुदाय तथा बजारमा आधारभूत आवश्यकताका कार्यसम्पादनमा प्रभावकारी भूमिका निर्वाह गर्न मातृभाषाको तुलनामा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रचलनमा रहेका भाषाबाट कम प्रभावकारी हुने विश्लेषण पछि नै मातृभाषाको अधिक प्रयोगको उपयोग नीतिलाई

अघि सारिएको पाइएको छ । स्थानीय समुदायका मानिसहरू विभिन्न मातृभाषा बोल्ने गर्दछन् र उनीहरू स्थानीय बजारमा जाँदा, संचार, खरिद बिक्री र अन्य आवश्यकीय व्यवहार संचालन गर्न मातृभाषा जति प्रभावकारी माध्यम अरु कुनै हुन सक्ने अवस्था छैन ।

भाषा प्रयोगको नीति निर्माणको लागि आर्थिक सन्दर्भ र सामाजिक सम्बन्ध आधार स्तम्भका रूपमा रहेका हुन्छन् । दोस्रो भाषाको सम्पर्कबाट मानिसले आफ्नो जीवनमा परिवर्तन गरेको देखिए पनि त्यो परिवर्तनमा प्राकृतिकता रहेको देखिँदैन । मानवीय व्यवहारमा स्वभाविकता कायम गर्न भाषा प्रयोगमा स्वभाविकता आउनु जरुरी ठानिन्छ । भाषा प्रयोगमा स्वभाविकता नदेखिएमा मानिसका सामाजिक, धार्मिक, साँस्कृति र आर्थिक क्रियाकलापहरू फिक्का देखिन्छन् । भाषा प्रयोगले मानिसको परिवार, साथीभाई, पेशा व्यावसाय र घरव्यवहार संचालनमा प्रभाव पारेको हुन्छ । भाषाको भूमिकालाई विश्लेषण गर्दा मानव जीवनका प्रत्येक जस्तो अवस्था भाषा प्रयोग अनिवार्य आवश्यकीय रहेको देखिन्छ । मातृभाषाले सिकारुलाई सँधै प्रभाव पारिरहेको हुन्छ । यसको भूमिका अनियन्त्रित हुन्छ । यसको भूमिका यतिनै छ भनेर किटान गर्न सक्ने अवस्था रहँदैन । भाषाले मानिसको सक्रिय भूमिकाबाट मानवीय आवश्यकतालाई परिपूर्ति गर्न मद्दत गरेको हुन्छ ।

प्रस्तुत लेखमा नेपालको सन्दर्भमा बहुभाषिकता र यसको अभ्यासको अवस्थाको चर्चा गरिएको छ । शिक्षामा स्थानीय भाषालाई उपयोग गर्न तयार गरिएका नीति तथा कार्यक्रमको अवस्था र हालसम्म भएका प्रयत्नलाई यहाँ समावेश गरिएको छ । भाषिक विविधतालाई ख्यालमा राखेर सिकाइ अघि बढाउन आइपर्ने चुनौती र अवको भावी दिशा के हो? त्यसतर्फ प्रस्तुत लेख केन्द्रीत छ ।

**मातृभाषा प्रयोगको सन्दर्भ**

कुनै पनि देशको शिक्षा प्रणाली पूर्ण रूपले देशको आर्थिक अवस्थासँग

आवद्ध गरिएको हुन्छ । भाषिक नीतिका विषयमा सबै देशमा एकै प्रकारले व्यवस्थापन गरिएको छैन । भाषा प्रयोगमा विविधता छ । भाषालाई शिक्षण सिकाइको माध्यम बनाउने अवधारणाका सान्दर्भिक सन्दर्भहरू समावेश गरिएका हुन्छन् । सबैजसो देशमा भाषागत विविधता भए पनि ऐतिहासिक परिवेश र तत्कालिक राजनीति कारणले गर्दा एकभाषी नीतिको अनुसरण गर्न थालियो । संयुक्त राष्ट्रसंघका विभिन्न घोषणामार्फत आफ्नो भाषाको उपयोग र संरक्षण गर्ने, बालबालिकाले आफ्नो मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने अधिकारको घोषणाका कारण विभिन्न भाषाको प्रयोगको नीति अघि सारिएको छ ।

अंग्रेजी भाषाले संसारभर प्रत्यक्ष प्रभाव पार्‍यो र संयुक्त राष्ट्रसंघमा प्रयोग हुने तथा अन्तर्राष्ट्रिय भाषाको मान्यता पाउने अरु भाषा हुन सकेन । प्रारम्भमा प्रवासीले बोल्ने भाषाका रूपमा यसले संसारका धेरैजसो देशमा प्रवेश पायो । भारत, श्रीलंका, नामिविया, दक्षिण अफ्रिका, केन्या, माडगास्कर जस्ता कैयौँ देशमा प्रवासीका रूपमा बेलायती, पोर्चुगिज र फ्रेन्चहरूको प्रवेश भयो । बिस्तारै उनीहरूले राज्यसंचालनमा पहुँच बढाएपछि आफ्नो भाषालाई सरकारी कामकाजको भाषाको रूपमा स्थापित गरे । यसले गर्दा स्थानीय रूपमा प्रयोग हुँदै आएका कैयौं भाषाको स्थिति कमजोर बन्न गयो । स्थानीय भाषाले राष्ट्रभाषाको मान्यता पाए पनि आगन्तुकहरूको भाषाले नै प्रचार हुने अवसर पाए । राज्यले अख्तियार गरेको शिक्षा तथा भाषा प्रयोगको नीतिका कारण विभिन्न अवस्थाका मातृभाषाको अपेक्षित विकास हुन सकेन । अल्पसंख्यक समूह र कमवक्ता भएका मातृभाषी समूहहरू अलग्गिएको अवस्था देखियो । यसकारण यस्ता भाषाभाषी समूहले अन्तरसमूहमा संचार गर्न सकेनन् । राज्यका केही निश्चित तोकिएका भाषा बाहेक अरु भाषाले अफूलाई मूलप्रवाहमा लैजान सकेनन् ।

मातृभाषाहरू पछि पर्नुको कारण देशभित्र रोजगारीको सीमित अवसर हुनु पनि हो । मातृभाषाको विकल्पमा अर्को भाषाको प्रतिस्थापन

भएका कारणले मातृभाषा उपयोगको सट्टामा तोकिएका भाषाले नै त्यो अवसरको उपयोग गरेको देखिन्छ । दक्षिण अफ्रिकामा राज्यसंचालनमा रंगभेद नीति अख्तियार गरिएका कारण प्रत्येक स्थानमा असमानता भएको देखियो । कुनै देशमा प्रत्यक्ष र कुनैमा अप्रत्यक्ष रूपमा विभेदकारी नीति अवलम्बन गरेको देखिन्छ । यसरी हेर्दा भाषा प्रयोगको बेग्लै नीति अख्तियार नगरे पनि राज्यको कार्यशैलीका कारण धेरै भाषाहरूले विकासको अवसर गुमाएका छन् । मातृभाषाको प्रयोगमा तलका सन्दर्भको उपयोग भएको पाइएको छः

- भाषाको विकासमा सामाजिक सन्दर्भलाई महत्वपूर्ण मानिएको छ । समाजमा प्रयोग हुने साझाभाषाको निर्माण सामाजिक समूहबाट नै हुने गरेको हुन्छ । समाजले संरचनागत विशेषता भएका भाषाहरूमध्येबाट साझाभाषाको छनोट गर्ने गर्दछ । यसरी भाषाको छनोट गर्दा भाषाको विकासका सम्भावनाहरूको विश्लेषण नै नगरी कार्यगत रूपमा संचारण गर्न सक्ने भाषाको छनोट भएको हुन्छ । भाषागत विविधता र भाषाको समविकासलाई यस छनोटले ध्यान दिएको देखिएन बरु समाजलाई जोड्न सक्ने भाषाको छनोट गरेको देखियो । नेपालमा यसको उदाहरण तराईका विभिन्न क्षेत्रलाई लिन सकिन्छ ।
- समाजका कुनै भाषिक समुदाय सजिलै अर्को मातृभाषा प्रयोग गर्न अग्रसर रहन्छन् । यस कारण आफ्नो मातृभाषाको प्रयोगमा न्यूनता आउँछ । त्यस्तो न्यूनताले बिस्तरै त्यो मातृभाषा अल्पसंख्यकले प्रयोग गर्ने भाषाको रूपमा देखिन पुग्छ । कहिलेकाँही भाषा परिवर्तनको दबाब पनि पर्दछ । भाषामा देखिने भाषिक परिवर्तन भाषागत आन्तरिक कारणबाट नभइ बाह्य कारणबाट हुन्छ । बाह्य कारण जुनसुकै अवस्थामा पनि देखिन सक्दछ ।

कुनै पनि भाषाको भाषिक सन्दर्भको परिवर्तन तथा परिवर्तनको अवस्था निश्चित प्रकृतिको हुन्छ । दबाबबाट र संयन्त्र आफैं निर्मित भएर पनि भाषा परिवर्तन पाइन्छ । कुनै पनि भाषा प्रयोगको स्थान, प्रयोक्ताहरू,

वातावरण, सामाजिक तथा साँस्कृतिक अवस्था आदिका कारण भाषामा स्वभाविक परिवर्तन आएको देखिन्छ । भाषाको विकासका लागि बनाइएको योजनाले भाषाको विकास, भाषा सिकाइका सहायक सामग्रीहरू, भाषामा साहित्यको विकास, अक्षर अन्य भाषाका विविध पक्षको विश्लेषण गरेको पाइएको छ । भाषिक संरचनाको ढाँचा र भाषाको योजनाको बीचमा सम्बन्ध रहेको पाइन्छ ।

## नेपालको भाषिक अवस्था

विभिन्न जनगणनाले नेपालमा प्रयोग हुने भाषाको संख्या फरक फरक देखाएको छ । राष्ट्रिय जनगणना, २०५८ मा जातिगत रूपमा १०२ भन्दा बढी समूह तथा भाषागत रूपमा पहिचान भएका ९२[56] रहेको देखाइएको थियो । उल्लिखित ९२ भाषाका अतिरिक्त अन्य अल्पसंख्यक समूहले प्रयोग गर्ने तर पहिचान नभएका भाषाहरूको थप समूहहरू पनि रहेको उल्लेख गरिएको थियो । यसैगरी पछिल्लो जनगणना[57]मा नेपालका १२५ जातजाति र १२३ मातृभाषी समूह रहेको उल्लेख गरिएको छ । उल्लिखित जनगणनाको प्रतिवेदनमा नेपालमा उपयोग हुने भाषाको संख्या किटान गर्न कठिन भएको देखिएको छ । सन् २०११ को जनगणनाको नतिजाको विश्लेषण गर्दा नेपालमा चार भाषा परिवारका भाषाहरू उपयोगमा छन् । यसमा कुसुन्डा भाषालाई कुनै परिवारमा समावेश गरिएको छैन । यो भाषाको वक्ताको संख्या एकदमै न्यून छ । नेपालमा यो भाषाको प्रयोग गर्ने वक्ताको संख्या २८ कायम रहेको देखिन्छ ।[58] भाषा परिवारका दृष्टिले हेर्दा भारोपीय परिवारका ४८, भोट बर्मेली वा भोटचिनियाँ परिवारका ६८, आष्ट्रो परिवारका १ र द्रबिडियन परिवारको १ भाषा उपयोगमा रहेका छन् । यस प्रकार

56 YP Yadava (2003) Language, Central Bureau of Statistics, Population monograph (Vol 1), Kathmandu: CBS.

57 CBS (2011) National population and housung census 2011(National Report), vol 1. Kathmandu: Central Bureau of Statistics.

58 YP Yadav (2014) Language, Central Bureau of Statistics Population monograph (Vol II). Kathmandu: CBS.

नेपालमा प्रयोग हुने भाषा परिवारका दृष्टिले हेर्दा ११९ भाषा पहिचान कायम भएका छन् । बाँकी अन्य विदेशी भाषा रहेका छन् ।

जनगणनाका अतिरिक्त भाषाका अध्येता, यस क्षेत्रका अनुसन्धानकर्ता तथा अन्वेषकहरूले आ-आफ्ना प्रयोजनका लागि गरेका अध्ययनहरू पनि रहेका छन् ।

लुइस्ले नेपालमा उपयोग हुने नेपालभित्रका भाषा भनेर १२४ भाषाको चर्चा गरेका छन् । त्यसमा अंग्रेजी, खडिया र उर्दू गरी तीन भाषालाई आगन्तुक मान्दै जम्मा १२७ भाषा प्रयोगमा रहेको उल्लेख गरेका थिए । इपेल र अन्य (सन् २०१२) ले गरेको भाषिक सर्वेक्षणमा नेपालमा बोलिने भाषाको संख्या १२४ देखाइएको छ । उल्लिखित १२४मध्ये नेपाली सांकेतिकसहित १२० भाषालाई जीवित र चारवटा भाषाका वक्ता स्पष्ट नभएको उल्लेख गरिएको छ । यसमा स्थानअनुसार एउटै नामबाट पृथक भाषाको प्रयोग र सम्भावनासहितको विवरण समावेश गरिएको छ ।

यी तथ्य हेर्दा नेपाली समाजमा जातिगत र भाषागत विविधता छ । समाजमा देखिने यस प्रकारको जातिगत र भाषागत विविधता कक्षामा पनि देख्न सकिन्छ । यहाँका प्रत्येक कक्षा भाषिक विविधतायूक्त भएकाले हरेक कक्षामा यसको सम्बोधनको हुन जरुरी छ ।

**विषयगत समस्या**

संचारः बालबालिकाले घरमा प्रयोग गर्ने भाषा र विद्यालयमा प्रयोग हुने भाषा बीचको भिन्नताका कारण सिकाइ र संचारण दुवैमा समस्या देखिन्छ । बालबालिकाले राम्ररी संचार गर्न नसक्दा सिकाई कमजोर भइ विद्यालय छोड्ने दर बढ्छ । यस आधारमा हेर्दा घरमा प्रयोग हुने भाषालाई सिकाईको माध्यम बनाउन सकेको खण्डमा संचारमा समस्या हुँदैन र कक्षा छोड्ने दर घट्छ । कक्षामा सम्पूर्ण सिकाईका क्रियाकलाप

मातृभाषामा गर्न सकेको खण्डमा सिकाइ प्रभावकारी हुन्छ। प्रभावकारी सिकाइबाटै गुणस्तर वृद्धि गर्न सकिन्छ । शिक्षकले कक्षामा उपलव्ध गराएको अन्तरक्रियाको वातावरणसमेतले संचारको अभ्यासमा प्रभाव पारेका हुन्छ ।

कक्षा व्यवस्थापनः कक्षाको व्यवस्थापनले सिकाइलाई प्रभाव पारेको हुन्छ । सँधै एउटै बसाइले सिकारुमा प्रभाव परेको हुन्छ । सिकारुलाई सँधै सक्रिय हुने र परिवर्तनको अनुभव हुने बसाइ व्यवस्था आवश्यकता छ । बसाइलाई सिकाइका विषयहरू र सिकाइने विषयक्षेत्र हेरेर आवश्यकताअनुसार परिवर्तन हुन आवश्यक छ ।

कक्षा संचालनको संस्कृतिः नेपाली कक्षा संचालनका अभ्यास अन्यत्रको तुलनामा सैद्धान्तिक छन् । सिकाइका विभिन्न अभ्यास संचालनसमेत सैद्धान्तिक आधारमा हुँदै आएका कारण स्वतन्त्र तथा सिर्जनात्मक अभ्यासमा समस्या देखिएको छ। नेपालका कक्षा संचालन अनुसरणात्मक संस्कृतिमा आधारित देखिन्छ । अर्थात गुरुकुल पद्धति । प्रवेशिका कक्षाहरूमा आधारभूत सिकाइ वैज्ञानिक हुन र बनाउन सकिएको छैन । अधिकांश कक्षाहरू नियन्त्रणात्मक शैलीमा संचालन हुन्छन् । यसकारण तल्लातहका कक्षामा सिकारु कक्षामा डर तथा त्रास बोकेर आउने कारण सिकाइ कमजोर बन्न गएको देखिन्छ। नयाँ सिकाइलाई भरखर सिकेर आएका व्यक्तिलेसमेत उपयोग गर्न सकेका छैनन् ।

व्यक्तिगत विविधता र पृष्ठभूमिका आधारमा कक्षा संचालन नहुनुः कक्षामा शिक्षकले बालबालिकामा व्यक्तिगत विविधता रहेको हुन्छ भनेर हेक्का राखेर कक्षा संचालन गरेको देखिँदैन । बालबालिकाको पारिवारिक पृष्ठभूमि एकै हुँदैन । पृष्ठभूमिगत विविधताका आधारमा कक्षा व्यवस्थापन तथा संचालन गर्ने विषयले भाषिक विविधतालाई ख्याल गर्न सक्छ। हाम्रा कक्षामा यो अभ्यास हुन सकेको छैन। शिक्षकले समुदायका मान्यतासँग सिकाइको तादात्म्यता नगरी कक्षा संचालन

गर्दा सिकाउन खोजेको विषय सिकाउन सकिँदैन ।

एकभाषी सिकाइको अभ्यासः नेपालमा लामो समयदेखि एकभाषी सिकाइको अभ्यास र अवधारणामा कक्षा संचालन हुन्छन् । १२३ भाषा नेपाली समुदायले उपयोग गरे पनि नेपाली भाषी सिकारुलाई सिकाए जस्तो शैलीमा कक्षा संचालन अभ्यासमा छन् । शिक्षण सिकाइ र बालबालिकाको मानवीय व्यवहारको विषय ख्याल गरेर सिकाउने अभ्यासले नै सिकारुको चाहनाअनुसार सिकाइ अघि बढाउन सकिन्छ । सिकारुको रुचिको क्षेत्र र सिकाइको परम्परा बीचमा समन्वय भएन भने सिकाइ प्रभावित हुन्छ ।

शिक्षक तयारीः शिक्षक तयारी भाषा सिकाइका लागि अति आवश्यक छ । भाषाका शिक्षकलाई भाषाका सबै शीप र त्यसको अभ्यास गराउन सक्ने शीप चाहिन्छ । शिक्षण विधि तथा प्रक्रियामा शिक्षक अलमलमा परेमा सिकाइ प्रभावित हुन्छ । भाषा सिकाइमा सामुहिक अभ्यास प्रभावकारी हुन्छ । सिकाइमा अनुवादको प्रयोग भन्दा स्वभाविक सिकाइले प्रभावकारी बनाउँछ । भाषाका चारवटा शीपसँग मिसाएर अनुवाद गर्ने अभ्यासले सिकाइमा सहयोग गरे पनि स्वभाविक सिकाइमा सहयोग गरेको देखिँदैन । पहिलो भाषा र दोस्रो भाषा सिकाउने शीपको अभ्यास तथा ज्ञान शिक्षकलाई चाहिन्छ । यस्तो ज्ञानको अभावमा सिकाइ प्रभावकारी हुँदैन । बहुभाषिक पृष्ठभूमिका सिकारुको लागि विविधताको सम्बोधन गर्न सक्ने शीपको आवश्यकता हुन्छ ।

सहयोगी सामग्रीको व्यवस्थापनः भाषाका कक्षाका लागि विभिन्न प्रकृतिका सिकाइ सामग्रीको आवश्यकता हुन्छ । शिक्षकले कक्षामा माध्यम वा विषयका रूपमा कुनै भाषालाई उपयोग गर्दा पाठ्यक्रम तथा पाठ्यपुस्तक, सिकाइ सहयोगी सामग्रीको उपलव्धता र उचित वातावरणको आवश्यकता पर्दछ ।

लगानी: शिक्षक तयारी र कक्षा संचालनको वातावरण निर्माणदेखि सिकाइलाई प्रभावकारी बनाउन विभिन्न सुधारका काम गर्नुपर्ने हुन्छ । यस्ता विविध कामका लागि चाहिने थप आर्थिक स्रोतको समस्याका कारण प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । मातृभाषालाई माध्यम वा विषय शिक्षणका रूपमा अघि बढाउन चाहिने बजेटको व्यवस्थापन हुन सकेको छैन ।

अभिभावकमा सचेतना: अभिभावकमा सचेतनाको अभावका कारण पनि माध्यम वा विषयका रूपमा मातृभाषालाई अघि बढाउन सकिएको छैन । नेपाली अभिभावकमा आफ्ना बालबालिकामा अंग्रेजी बोल्ने र लेख्ने धारणाले अधिक प्रश्रय पाएको छ । स्थानीय भाषाले बजारको मान्यता नपाएका कारण यो समस्या आएको हो ।

**नेपालमा भाषा सम्बन्धी नीतिगत तथा कार्यान्वयनको अवस्था**

नेपालमा भाषिक विविधताको उपयुक्त सम्बोधन र यसको नीतिगत सन्दर्भ हेर्दा नेपाली बालबालिकाको आवश्यकता र विश्वका विभिन्न सम्मेलनमा नेपालले जनाएको प्रतिवद्धतालाई नियाल्न आवश्यक छ । नेपालमा बहुभाषिकता सम्वोधनको ऐतिहासिक समीक्षा गर्दा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६ (२)ले नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा[59]का रूपमा स्वीकार गरेको छ । यो संविधानले राष्ट्रिय एकताका सन्दर्भमा भाषा, साहित्य, लिपि, कला र संस्कृति विकासको नीतिलाई अवलम्बन गरेको देखिन्छ । त्यसको साथै मातृभाषामा शिक्षा दिने गरी विद्यालयहरूको स्थापना गर्न वा संचालनमा रहेका विद्यालयहरूमा मातृभाषाको विषय थप गरी शिक्षा दिन थालनी गर्न पाउने हक सो संविधानले प्रदान गरेको छ ।

बालबालिकाहरूले मातृभाषामा प्राथमिक शिक्षा पाउने हक नेपालको अन्तरिम संविधान, २०६३ले स्थापित गरेको हो । यसै गरी नेपालको

59 नेपाल अधिराज्यको संविधान २०४७, धारा ६ (२) ।

संविधान, २०७२को धारा (७)मा सरकारी कामकाजको भाषा र प्रदेशको भाषाको व्यवस्था गरेको छ। यसमा नेपाली भाषा र प्रदेशको बहुसंख्यक जनताले बोल्ने भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा बनाउन सक्ने व्यवस्था गरिएको छ। यस्तै गरी दृष्टि बिहिन नागरिकका लागि ब्रेल लिपि र बहिरा तथा श्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकका लागि सांकेतिक भाषाको प्रयोग गरी शिक्षा पाउने हक सुनिश्चित गरिदिएको छ ।[60] साथै मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित गरेको छ ।[61] यसरी मातृभाषालाई माध्यम भाषाका रूपमा उपयोग गर्ने गरी कनूनी व्यवस्था रहेको छ।

मातृभाषामा शिक्षा दिने विषयमा विभिन्न प्रतिवेदनहरूले सुझावहरू दिएको पाइन्छ। सर्वप्रथम मातृभाषा शिक्षणको विषयमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०११ले यसप्रकारको सन्दर्भ समावेश गरिएको पाइन्छः "नेपाली भाषानै पढाइको माध्यम हुनुपर्दछ। सकभर पहिला दुवै श्रेणीमा पनि लागू गरिनुपर्दछ। अर्को कुनै पनि भाषा प्राथमिक स्कूलमा इच्छाधीन गरेर पनि पढाइने छैन किनभने धेरै केटाकेटीहरूलाई मात्र त्यसको आवश्यकता पर्दछ र राष्ट्रिय नेपाली भाषालाई अघि बढाउन बाधा दिन्छ।"□ उक्त सन्दर्भ हो नेपाली भाषालाई अनिवार्य नगरिएका परिवेशको। प्रतिवेदनमा प्राथमिक कक्षाका पहिलो र दोस्रो श्रेणीमा मातृभाषाको प्रभाव बढी देखिन्छ भन्ने तथ्यलाई स्वीकार गरिएको देखिएको छ। सन्दर्भगत स्वीकारोक्ति भएपनि कार्यगत रूपमा अघि बढेको देखिएन। त्यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदनमा मातृभाषाको प्रयोगको विषयमा बेग्लै सन्दर्भ समावेश भएको नभेटिए पनि आयोगका सदस्यको शिक्षा सम्बन्धी मन्तव्य हेर्दा यस्तो विचार पाउन सकिन्छः प्रारम्भिक कक्षासम्म मातृभाषामा नै शिक्षा दिने तेस्रोदेखि राष्ट्रिय भाषालाई स्थान दिने र माथिल्लो कक्षामा नेपाली

60 नेपालको संविधान, २०७२ धारा (३१) (४)।

61 ऐऐ, धारा (३१) (५)।

भाषालाई क्रमश समृद्ध गराउदै लैजानु पर्दछ ।[62] उक्त विचार आयोगका सदस्य बालकृष्ण शर्मा को हो । तर प्रतिवेदनको मूल सिफारिशमा हरेक विषयमा शिक्षाको माध्यम नेपाली हुनुपर्दछ[63] भन्ने भएबाट मातृभाषा शिक्षणको क्षेत्रमा स्पष्ट निर्देश भएको पाइँदैन ।

यसैगरी राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८अनुसार माध्यमिक तहका लागि इच्छाधीन विषयका रूपमा नेपालका विभिन्न क्षेत्रमा बोलिने स्थानीय भाषालाई समावेश गरिएको पाइन्छ । यसै समयदेखि सबै विद्यालयले एकै प्रकारको पाठ्यक्रम र पाठ्यपुस्तकमार्फत शिक्षण सिकाइ हुन थालेको देखिन्छ । योजना पूर्व विद्यालयमा स्थानीय शिक्षकले माध्यमका रूपमा स्थानीय भाषाको उपयोग गरेको सन्दर्भ स्थानीय अनुभव रहेको पाइन्छ । त्यस्तै राष्ट्रिय शिक्षा आयोग २०४९को प्रतिवेदनमा यस्तो उल्लेख छः विभिन्न विषयका रूपमा जातीय भाषा, लिपि र संस्कृतिको ज्ञान सबैलाई दिनु वान्छनीय छ ।[64] प्राथमिक शिक्षामा मातृभाषाको प्रयोगबाट समाजमा ज्ञान र सीपको बिस्तार गरि नुपर्दछ जस्ता विचारलाई शिक्षाको राष्ट्रिय उद्देश्यमा समावेश गरिएको पाइन्छ । मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्न नीतिगत रूपले प्रोत्साहित गर्ने सन्दर्भसमेत प्रस्तुत गरिएको छ । भाषा विकासका लागि प्रतिवेदनमा थप सुझावसमेत समावेश गरिएको छ । जसअनुसार मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था, राष्ट्रिय भाषा तथा साहित्य कला र संस्कृतिका विविध पक्षमा मौलिक सिर्जना गर्न व्यक्तिलाई सक्षम तुल्याउने, उच्चस्तरीय अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने, राष्ट्रिय भाषाहरूको संवर्धन र अध्ययन अनुसन्धानलाई संचालन गर्न राष्ट्रियस्तरको संस्था स्थापना गर्ने..... पाठ्यक्रममा समुचित रूपले समावेश गरी ज्ञान र समझदारीको विकास गर्ने । प्रस्तुत विषय स्पष्ट पार्न २०५० सालमा राष्ट्रिय भाषा नीति सुधार सुझाव आयोगको गठन

---

62 ऐऐ, पृ. ९७ ।

63 ऐऐ, पृ.९७ ।

64 रा.शि.आ. प्रतिवेदन, २०४९ ।

भएको देखिन्छ। यसले विद्यालय शिक्षामा मातृभाषा प्रयोगको सन्दर्भमा देहायअनुसारका सिफारिश गरेको देखिन्छ।

| क्र.सं. | सिफारिश | भएका कार्यहरू |
|---|---|---|
| १ | शतप्रतिशत कुनै भाषाभाषी मातृभाषी भएका क्षेत्रका प्राथमिक विद्यालयहरूलाई मातृभाषी विद्यालयका रूपमा संचालन गर्न सकिनेछ। | यसमा केही प्रारम्भिक अभ्यास र सिफारिश सम्बोधनका लागि केही थालनी भएको छ। समुदायको पहलमा विभिन्न स्थानमा आधारभूत विद्यालय संचालन गर्दा मातृभाषी विद्यालयका रूपमा कतिपय विद्यालय स्थापना गरी शिक्षण सिकाइ थालनी भएको छ। शिक्षा विभागको परियोजना मार्फत पनि यो अभ्यास अघि बढेको छ। |
| २ | तत्काल मातृभाषामा लेखिएका पाठ्यपुस्तकहरू उपलब्ध भए सोहीअनुसार मौखिक तथा लिखित माध्यममा पठनपाठन संचालन गर्ने अनुमति दिनुपर्नेछ। | यो सिफारिशपछि पाठ्यक्रम विकास केन्द्रले पाठ्यसामग्री उत्पादनमा नीति परिवर्तन गर्‍यो। आन्तरिक प्रयोजनका लागि अध्ययन गरी प्रतिवेदन लिइ मातृभाषामा पाठ्यपुस्तक तयारी गर्ने अभ्यास थालनी गर्‍यो। हाल २४वटा मातृभाषामा पाठ्यपुस्तक तयार गरी पठनपाठन भइरहेको छ। यो अभ्यास कक्षा एकदेखि कक्षासम्म कायम छ। विद्यालयहरूमा मातृभाषाको सिकाइ विषयगत र माध्यमका रूपमा उपयोग हुन थालेको छ। मातृभाषामा शिक्षण गर्न चाहने विद्यालयको अनुमतिमा समस्या छैन। |

| | | |
|---|---|---|
| ३ | पाठ्यसामग्रीको उपलव्धता र स्थानीय मागलाई ध्यानमा राखी मातृभाषा वा राष्ट्रभाषामध्ये कुनै एक वा दुवैलाई लेखपढको माध्यम बनाउन सकिने छ । | पाठ्यक्रम विकास केन्द्रले हाल २४वटा भाषाका पाठ्यपुस्तक र उपयोगी सामग्री तयार गरेको छ । विभिन्न विद्यालयले यसको अभ्यास गरिरहेका छन् । माध्यमको रूपमा विद्यालयलमा मातृभाषाको माध्यबाट सिकाइ थालनी भएको भन्ने एकीन तथ्यांक छैन तर विद्यालयले आधारभूत तहका विद्यालयमा विद्यार्थीले बुझ्ने भाषामा सिकाइ अघि बढाएको पाइएको छ । शिक्षा विभागले संचालन गरेको परियोजनामा समानान्तर सिकाइ अघि बढाउने क्रममा मातृभाषा र राष्ट्रभाषा दुवैको उपयोग गरेको पाइएको छ । यसले एउटै कक्षा एक, दुई र सोभन्दा बढी भाषालाई सिकाइको माध्यमका रूपमा उपयोग गर्न सक्ने देखिएको छ। |
| ४ | निजी क्षेत्रमा खोलिएका मातृभाषी विद्यालयहरूलाई श्री ५ को सरकारले मान्यता र प्रोत्साहन दिनुपर्ने छ । | समुदायले सामुदायिक विद्यालयका रूपमा मातृभाषामा सिकाइ संचालन गर्ने गरी स्थापना गरेका र संस्थागत विद्यालयका रूपमा संचालन गर्न चाहने विद्यालयले नेपाल सरकारबाट निर्वाध रूपमा विद्यालय संचालन गर्ने अनुमति पाएका छन् । मान्यताको समस्या छैन तर अपेक्षित प्रोत्साहन हुन सकेको छैन । |

| | | |
|---|---|---|
| ५ | एउटै भाषाको बढी घनत्व भएका स्थानमा समुदायलाई पायक पर्ने गरी स्थानीय जनसहभागितामा मातृभाषी विद्यालय खोल्न सकिने छ । यस्ता विद्यालयलाई श्री ५ को सरकारले अन्य प्राथमिक विद्यालयसरह स्वीकृति र अनुदान दिने व्यवस्था गरि नुपर्दछ तर ती वा सो भन्दामाथि मातृभाषी भएका बालबालिका रहेका स्थानमा शिक्षाको माध्यम राष्ट्रभाषा मात्र रहनु उचित हुन्छ । | एउटै भाषाको वढी घनत्व भएका स्थानमा समुदायलाई पायक पर्ने गरी स्थानीय जनसहभागितामा मातृभाषी विद्यालय खोल्न सकिने छ । यस्ता विद्यालयलाई स्थापना र संचालन गर्न कठिनाइ नहोस् भन्ने आधारमा नेपालको संविधान, २०७२ मासमेत स्पष्ट व्यवस्था भएको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले त्यसतर्फ कार्यक्रम तयार गरिरहेको छ । मातृभाषामा शिक्षा दिने, शिक्षण सिकाइमा मातृभाषा र अन्य भाषाको उपस्थितिमा लिइनुपर्ने भाषाको नीति, विद्यालयमा माध्यम भाषाको रूपमा लिनुपर्ने नीतिको सिफारिश गर्ने जिम्मेवारी भाषा आयोगलाईसमेत दिइएको छ । त्यस्तै श्री ५ को सरकारले अन्य प्राथमिक विद्यालयसरह स्वीकृति र अनुदान दिने व्यवस्था गरिनुपर्दछ तर ती वा सोभन्दामाथि मातृभाषी भएका बालबालिका रहेका स्थानमा शिक्षाको माध्यम राष्ट्रभाषा मात्र रहनु उचित हुन्छ । यो सिफारिशलाई नेपाल सरकार शिक्षा मन्त्रालयले समय सापेक्ष र आवश्यकताको आधारमा शिक्षाका कार्यक्रम तयार गर्दा सम्बोधन गर्ने नीति लिएको छ । |

| | | |
|---|---|---|
| ६ | प्राथमिक तहमा माध्यमका दृष्टिले मातृभाषी प्राथमिक विद्यालय, द्विभाषिक प्राथमिक विद्यालय र राष्ट्र भाषिक प्राथमिक विद्यालय गरी तीन किसिमका विद्यालय हुनु उचित देखिन्छ । | प्रस्तुत सिफारिशका आधारमा आधार भूत तहको कक्षा १-३ र कक्षा १-५ मा कस्ता विद्यालय रहने त्यसको अभ्यास भइसकेको छैन । आवश्यकताअनुसार भाषा आयोगको सिफारिशका आधारमा नै यसको तय हुने देखिएको छ। शिक्षा ऐनको आठौं संशोधनमा विद्यालयको संरचना परिवर्तन भएको छ । सो संशोधनका आधारमा गरिने वर्गीकरण शिक्षा नियमावलीमा रहने छ । कक्षा १-५ का प्राथमिक विद्यालय रहन्छन् तर मातृभाषा उपयोगको विषय भाषा आयोगको सिफारिशका आधारमा हुने छ । |

भाषा, संस्कृति, कला र लिपिको संरक्षण र संवर्धनका दृष्टिले माथिका सिफारिशहरू भएका थिए । मातृभाषामा शिक्षा दिने सम्बन्धमा निम्न सिफारिश गरिएको थियो:

| क्र.सं. | सिफारिशका विषय सन्दर्भ | भएका कार्यहरू |
|---|---|---|
| १ | विद्यार्थीहरूलाई विद्यालयमा घुलमिल हुन र विद्यालय छोड्ने प्रबृति कम गर्न । | मातृभाषामा सिकाइका अभ्यासको थालनी भएको छ । तर, दीगो बनाउने चुनौती देखिएको छ । धेरैजसो विद्यालयहरू बहुभाषी छन् । यस्ता विद्यालयमा मातृभाषा तथा राष्ट्रिय भाषाको उपयोग एकै समयमा गर्नुपर्ने भएकाले सिकाइगत चुनौती छ । शिक्षकको अवस्था र उपलव्धतासमेतले प्रभाव पारेको छ । |

| | | |
|---|---|---|
| २ | सिकेका कुराको अनुभव हस्तान्तरण गर्न सजिलो पार्न । | मातृभाषामा शिक्षा संचालन गर्न केही विद्यालयमा समुदायको पहल, केहीमा गैरसरकारी संस्थाको प्रयास, केहीमा स्थानीय निकायको प्रयास र केही शिक्षा विभागको प्रयासबाट थालनी भएको छ । यसमा सिकारुलाई अनुभव हस्तान्तरण गर्न सहज भएको छ । तर, यसको यथार्थ अवस्थाको पहिचान गर्न अनुसन्धान आवश्यक देखिएको छ । |
| ३ | फरक पृष्टभूमि भएका बालबालिकाका बिचमा आपसी सद्भाव बढाउन । | मातृभाषामा शिक्षा संचालन गर्ने विद्यालयका बालबालिकामा एकअर्काको भाषा सिक्ने र अर्को भाषाका विशेषताका आधारमा सिकाइ अघि बढाउने अभ्यासको थालनी भएको छ । यो अभ्यासले अपसी सद्भाव बढाएको छ । भाषा कुनो स्थापना गरी समानान्तर भाषा सिकाइको शिक्षण विधिको उपयोगमा यो अभ्यास देखिएको छ । |
| ४ | सामाजिक प्रक्रियालाई गतिशील बनाउन । | एउटै कक्षामा एकभन्दा बढी भाषा प्रयोगको अवसर निर्माण गर्न सकेमा सामाजिकीकरणमा सहयोग पुग्दछ । प्रत्येक बालबालिकाका बिचमा आत्मीयता बढ्दछ । भाषा सिकाइ तथा उसको सिकइले स्थायित्व पाउने निश्चित छ । |
| ५ | एउटै विद्यालयमा पनि विभिन्न मातृभाषी कक्षाको व्यवस्था गर्न । | शिक्षा विभागले संचालन गरेको परियोजनामा यसको परीक्षण गरिएको थियो । सिरहा तथा झापा जिल्लाका केही विद्यालयले यसको थालनी गरे । अभ्यासलाई अघि बढाए तर यसलाई दीगो बनाउन सकिएन । |

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५मा पूर्वप्राथमिक र प्राथमिक तहमा मातृभाषाको प्रयोग र पाठ्यसामग्री निर्माणको सन्दर्भलाई अघि सारेको पाइन्छ । पूर्वप्राथमिक शिक्षामा मातृभाषाको माध्यमद्वारा शिक्षा दिने नीतिलाई कार्यान्वयन गर्न पाठ्यक्रम र पाठ् यसामग्री निर्माण र शिक्षक तालिमको व्यवस्था गर्ने कुरा सुझावमा समावेश गएिको छ । यस कार्यको थालनी भइसकेको छ । प्रारम्भिक बाल विकास केन्द्रमा सिकाइको माध्यम यसलाई बनाउने भन्ने स्पष्ट छैन । पाठ्यसामग्री नेपाली र अंग्रेजी भाषाका छन् । तर, सिकाइको अभ्यासका क्रममा शिक्षकले स्थानीय मातृभाषाको उपयोग गरेका छन् । नवौँ योजना २०५४-२०५९मा प्राथमिक शिक्षाअन्तर्गत विभिन्न राष्ट्रिय भाषामा प्राथमिक स्तरको शिक्षा दिनेतर्फ प्रारम्भिक कार्यहरू गरिने प्रतिवद्धता उल्लेख गरिएबाट मातृभाषाको उपयोगतर्फ कार्य थालनी भएको देखिन्छ ।

त्यसैगरी शिक्षा विभागले गराएको वाइलिङ्गुयल एजुकेशन सम्बन्धी अध्ययन, २००१ मा प्रस्तुत गरिएका सुझावहरू देहायअनुसार रहेको पाउन सकिन्छ ।[65]

- कक्षा कोठामा विभिन्न भाषाहरूको प्रयोगलाई स्वीकार गर्ने प्रवृतिको विकास हुनुपर्दछ ।
- समुदायमा बोलिने विभिन्न भाषा र तिनको अध्ययन प्रक्रियामा पर्ने प्रभावसँग शिक्षकले राम्रोसँग परिचित हुनुपर्दछ ।
- भाषिक रूपले सम्वेदनशील शिक्षकको नियुक्ति नीति, स्थानीय शिक्षकलाई नियुक्ति गर्ने र प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने ।
- शिक्षक व्यवस्थापकहरूलाई भाषिक पक्षहरूसित परिचित गराउनुपर्ने ।
- शिक्षकको तालिम कार्यक्रममा बहुभाषिक कक्षा संचालन गर्न सक्ने विषयवस्तु समावेश गरी तालिम दिइनुपर्ने ।

65 शिक्षा विभाग अध्ययन प्रतिवेदन, २००१, पृ.७७ ।

- पहिलेदेखि जानेको भाषामा पढाइ लेखाइसँग सम्बन्धित क्रियाकलापहरू गराउँदा विद्यार्थीहरूलाई ती कुरा सिक्न धेरै सजिलो हुने हुनाले शिक्षकलाई त्यस विषयसँग सम्बन्धित सीपको तालिमको जरुरी हुन्छ ।
- भाषा बाहेकका विषयहरू शिक्षण गर्नको निम्ति स्थानीय भाषाको प्रयोग गर्ने व्यवस्था हुनुपर्दछ ।
- शिक्षणीय पाठ्यपुस्तकलाई दुई भाषिक वा बहुभाषिक शैलीबाट शिक्षण गर्ने व्यवस्था भए उपयुक्त हुने ।
- शिक्षा सम्बन्धी नीतिको मार्गदर्शनका लागि राष्ट्रियभाषा नीतिको योजना तर्जुमा गरिनुपर्दछ ।
- शिक्षकालाई निम्न विषय वस्तुको तालिम दिनुपर्दछ ।

यस अध्ययनले शिक्षकमा निम्न शीप भए सिकाइ प्रभावकारी बन्न सक्दछ भन्ने किटान गरेको छः

- पूर्व भाषा शिक्षण शीप ।
- कक्षाकोठाको शिक्षणमा बहुभाषाको उपयोग ।
- विभिन्न भाषामा अनुसन्धान संचालन गर्ने शीप ।
- शिक्षणमा भाषाको सहअस्तित्व सम्बन्धी अवधारणा र सो सम्बन्धी भाषिक शीप ।
- विद्यार्थीहरूमा भाषा र सँस्कृतिको प्रवर्धन गर्ने उपायहरू ।
- भाषिक शीपको विकासका लागि स्थानीय सामग्री तयार गर्ने शीप ।

बाइलिङ्गुयल एजुकेसनसम्बन्धी अध्ययन[66] मा पनि विभिन्न सुझावहरू प्रस्तुत गरिएका छन् । जसमा कक्षामा विभिन्न भाषाहरूको प्रयोगलाई स्वीकार गर्ने प्रवृत्तिको विकास हुनुपर्ने, समुदायमा बोलिने विभिन्न भाषा र तिनको अध्ययन प्रक्रियामा पर्ने प्रभावसँग शिक्षकले राम्रोसँग परिचित हुनुपर्ने, शिक्षकको नियुरिक्त गर्दा मातृभाषामा शिक्षण गर्न

66 शिक्षा विभाग, २०५८/०५९ ।

सक्ने एवं स्थानीय भाषा तथा संस्कृतिको ज्ञान भएको व्यक्तिलाई नियुक्ति गर्ने नीतिको अवलम्बन गरिनुपर्ने, विद्यालयको व्यवस्थापनलाई भाषिक पक्षहरूसित परिचित गराउनुपर्ने, बहुभाषिक कक्षा संचालन गर्न सक्ने विषयवस्तु समावेश गरी तालिम दिइनुपर्ने, भाषा बाहेकका विषयहरू शिक्षण गर्न स्थानीय भाषाको प्रयोग गर्ने व्यवस्था हुनुपर्ने, शैक्षणिक सामग्री वा पाठ्यपुस्तकलाई द्वैभाषिक वा बहुभाषिक शैलीबाट शिक्षण गर्ने व्यवस्था हुनुपर्ने, भाषा नीतिको योजना तर्जुमा गरि नुपर्ने जस्ता सुझावलाई अघि सारिएको छ । यी सुझावले भाषिक विविधताको सम्बोधन गर्न शिक्षकलाई तत्काल सहयोग आवश्यक छ भन्ने औँल्याएको देखिन्छ ।

परिवर्तनको सिद्धान्तमा आधारित भई विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/०८० स्वीकृत भएको छ । चालु आर्थिक वर्ष २०७३/०७४ यसैमा आधारित भई कार्यान्वयनमा आएको छ । नेपालको संविधान, २०७२मा उल्लेख भएअनुसार यस योजना अवधिमा आधारभूत तहका बालबालिकाले मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित हुने लक्ष्य लिइएको छ । आगामी आर्थिक वर्षका कार्यक्रमा यसतर्फ थप कार्यक्रम तयार गर्ने उद्देश्य राखिएको छ । योजनाको प्रस्तावमा मातृभाषालाई माध्यम र विषयका रूपमा शिक्षण सिकाइ अघि बढाउने र यस प्रयोजनका लागि रणनीतिक कार्ययोजना प्रस्ताव गरिएको छ । यो अवधिमा बाल शिक्षा, आधारभूत र माध्यमिक तहमा भाषाको उपयोग कसरी हुन्छ? त्यसको मार्गचित्र तयार हुने र कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ । त्यसै गरी यो कार्यमा अंग्रेजी माध्यममा अध्यापन गराउने विद्यालयलाईसमेत जोडेर अघि बढाउने रणनीति लिइएको छ । मातृभाषा, माध्यम, विषय, नेपाली भाषा र अंग्रेजी भाषाको उपयोगिताका विषयमा भाषा उपयोगको नीति तयार हुनेछ । तयार भएको नीतिका आधारमा शिक्षाका कार्यक्रम तयार गर्ने लक्ष्य राखिएको छ ।

चौधौं योजना २०७३/०७४ देखि २०७५/०७६को आधारपत्र तयार

भएको छ। यसले शिक्षाका लागि संविधान प्रदत्त हकलाई जोड दिइएको देखिएको छ। यस अवधिमा सिकाइको सुनिश्चितता र गुणस्तर वृद्धिका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाउने बहुभाषिक नीति बनाउने प्रस्ताव गरिएको छ। यो कार्ययोजनाको कार्यान्वयनपश्चात् संविधानको प्रस्तावअनुसारको भाषा नीति उपयोगमा आउने छ। यसले विद्यालयमा थप सिकाइको वातावरण बन्ने छ।

नेपालका मातृभाषा अभ्यासको पुनरावलोकन गर्दा विभिन्न निकाय सक्रिय देखिन्छन् । पाठ्यक्रम विकास केन्द्रले आफ्नो आन्तरिक प्रयोजनका लागि विज्ञहरूको समिति गठन गरेको थियो । सो समूहले पेश गरेको प्रतिवेदनको आधारमा विभिन्न मातृभाषाका पाठ्यपुस्तक र पाठ्यसामग्री तयार गर्न थालियो (वि.सं.२०५१ र २०५४)। सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयनका क्रममा पाठ्यक्रम विकास केन्द्र (वि.सं. २०६२) ले शिक्षामा द्वैभाषिक नीतिको थालनी गरेको देखिएको छ। यस आधारमा बालबालिकाहरूले प्रारम्भिक शिक्षा आफ्नै मातृभाषामा प्राप्त गर्ने अधिकार स्थापित गर्ने प्रयत्न भएको छ।

यसअघि नै शिक्षा विभागले मातृभाषाको उपयोग गरी सिकाइ अघि बढाउन केही परीक्षणको कार्यक्रमसमेत संचालन गरेको पाइएको छ। यसमा एक मातृभाषी सिकारु एउटा कक्षा, दुई मातृभाषी एक कक्षा र बहुभाषी रूपमा एक कक्षाको अभ्यास अघि बढाइएको छ।

हाम्रा अभ्यासको अध्ययन गर्दा शैक्षिक जनशक्ति विकास केन्द्र (सन् २००३) ले गराएको शिक्षक तालिमको प्रभावकारिता सम्बन्धी अध्ययनमा ३३प्रतिशत तालिम प्राप्त प्राथमिक शिक्षकले प्रेरणाप्रद शिक्षण तरिकाहरू उपयोग गरेका छन् र १९प्रतिशत तालिम प्राप्त शिक्षकहरूले मात्र कक्षामा प्रश्नोत्तरको अवसर प्रदान गर्ने गरेको उल्लेख छ। त्यस्तै १२ प्रतिशत शिक्षकहरूले मात्र कक्षा संचालनलाई प्रभावकारी बनाएका

छन् । प्रस्तुत अध्ययन कक्षाको विविधता, शिक्षकले गर्ने सम्बोधनको तयारी र भाषिक विविधताको सम्बोधनलाई प्रभावकारी बनाउने तर्फ केन्द्रीत भएको हुनाले यस तर्फ सचेतना बढेको पाइएको छ । शैक्षिक जनशक्ति विकास केन्द्रले मातृभाषाका शिक्षकलाई तालिम दिने काम सम्पादन गर्दै आएको छ । यसतर्फ अझ थप सचेतना आवश्यक छ ।

उल्लिखित प्रयासका अतिरिक्त प्राथमिक तहको औषत सिकाइ उपलब्धि लगभग ५० प्रतिशत मात्र देखिएको छ ।[67] यसै गरी नेसनल एसिसमेन्ट (सन् १९९९) ले यस्तै प्रकृतिको विषयगत प्रतिवेदन "सबैका लागि शिक्षा उद्देश्य प्राप्ति" अन्तर्गत आदिवासी, जनजाति र भाषिक अल्प संख्यकहरूको अधिकारको प्रत्याभूति सम्बन्धी विषयगत प्रतिवेदनमा शिक्षा तथा खेलकुद मन्त्रालय र युनेस्को (सन् २००३) का लागि चरणवद्ध कार्यक्रमहरू तयार गरी कार्यान्वयनमा ल्याइएका छन् । प्रस्तुत विषयगत प्रतिवेदनमा मातृभाषालाई कक्षामा उपयोग गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयनलाई प्राथमिकता दिएको छ । तर त्यसको सम्बोधन कसरी गर्ने? भन्ने प्रसंगमा प्रतिवेदन मौन रहेको छ । वर्तमान परिप्रेक्ष्यमा बहुभाषिक कक्षाको सम्बोधन सम्बन्धी कार्यक्रम तयारी हुँदै गरेको र त्यसअन्तर्गत कक्षामा विविधताको सम्बोधन कसरी भएको छ? भन्ने विषय अध्ययनको प्राथमिकतामा परेकाले यस अध्ययनको माध्यमबाट कक्षा व्यवस्थापन र शिक्षकले गर्ने विविधताको सम्बोधन तर्फ अध्ययन केन्द्रीत छ ।

उल्लिखित विभिन्न नीति तथा कार्यक्रमहरूको अध्ययन गर्दा प्राथमिक तहमा मातृभाषाको उपयोग गरी कक्षा संचालन तथा व्यवस्थापनका प्रयासहरू भएका छन् । यस क्षेत्रमा विभिन्न अनुसन्धानहरू समेत भएका छन् । यति हुँदाहुँदै पनि कक्षा क्रियाकलापमा प्रभावकारिता भने आउन सकेको छैन । शिक्षकले कक्षभित्रको भाषिक विविधताको सम्बोधन गर्न सकेको पाइएको छैन । अझ पनि प्राथमिक कक्षाको

67 शिक्षा विभाग, सन् २०११-१२ ।

सिकाइ उपलब्धि स्तर न्यून हुनु, प्रत्येक कक्षामा विविधता रहनु तथा त्यसको उपयुक्त ढंगले सम्बोधन हुन नसक्नु र आन्तरिक प्रभावकारिता नबढ्नु जस्ता प्राथमिक शिक्षा विकासका क्षेत्रमा देखिएका समस्याहरू हुन् । यीमध्ये विविधताको सम्बोधन आफैँमा एक महत्वपूर्ण समस्या र चुनौती पनि हो ।

सन् २०००मा सेनेगलको डकारमा १६४ देशका सरकारी प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, अन्तर्राष्ट्रिय संगठन, क्षेत्रीय संगठन, गैरसरकारी सघसंस्थाका प्रतिनिधिले सामुहिक रूपमा जनाएको प्रतिवद्धता अनुरूप विभिन्न देशले तयार गरेको आ-आफ्नो कार्ययोजना निर्माण गरी कार्यसम्पादन गरेका छन् । विश्व शिक्षा फोरम डकारबाट विश्वव्यापी रूपमा यो अभियानलाई आफ्नो देशको मुख्य कार्यक्रमका रूपमा अघि बढेको पाइएको छ । यो अभियानसँगै मानवअधिकार, बालबालिकाको अधिकार, आयोजनाहरूको अधिकार, दीगो विकास र समावेशी जस्ता विभिन्न विषयगत सन्दर्भका साथ कार्यक्रम तयार गरी अभियान अघि बढाइएको थियो ।

नेपालमा मातृभाषाको उपयोग गरी आधारभूत तथा प्राथमिक शिक्षामा आदिवासी र भाषिक अल्पसंख्यकको अधिकार सुनिश्चित गर्ने उद्देश्यलाई सबैका लागि शिक्षाको मूलकार्यक्रममा एकलक्ष थप गरी कार्यक्रम अघि बढाइएको थियो । यो लक्ष्यले विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सहज ढंगबाट बढीभन्दा बढी सहभागी हुन र बढीभन्दा बढी बुझ्न प्रेरित गर्छ । जसका कारण उच्च सिकाइ उपलब्धि हासिल हुन सक्छ भन्ने अपेक्षा लिइएको छ । यसका अतिरिक्त, विद्यालय बाहिर रहेका आदिवासी र अल्पसंख्यक भाषिक समुदायका बालबालिकालाई विद्यालयमा सहज महसुस हुने वातावरण निर्माण गरी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्ने बनाइ उनीहरूका निम्ति शैक्षिक कार्यक्रमहरू बढी आकर्षक बनाउने प्रयोजन राखेको देखिएको छ । सिकाइको प्रारम्भमा मातृभाषा पछि विस्तारै अन्य माध्यम भाषामा

सिकाइ स्थानान्तर गर्ने रणनीतिका साथ यो उद्देश्य थप भएको थियो । यसको कार्यान्वयनमा एकरूपता देखिएन । समुदायले मातृभाषा भन्दा अंग्रेजी भाषालाई प्रारम्भिक कक्षादेखि नै माध्यमका रूपमा उपयोग गर्न मन पराएको देखियो । यस कार्यक्रमको सफल कार्यान्वयनका लागि जनशक्ति, सिकाइ सामग्री, सिकाइको वातावरण र लगानीको आवश्यक छ । यो कार्यक्रम संचालनमा अझ पनि दुविधा छ । विषयका रूपमा मातृभाषा, माध्यमका रूपमा मातृभाषा, भाषा उपयोगको रणनीतिका रूपमा वा भाषा संरक्षणका रूपमा मातृभाषाको उपयोग जस्ता विषय छन् ।

मातृभाषामा शिक्षण सिकाइमा सहयोग पुऱ्याउने उद्देश्य अनुरूप शिक्षकका लागि शिक्षण सहयोगी सामग्री, भाषा सिकाइका लागि शिक्षकलाई सहयोग गर्ने तालिम सामग्री र शिक्षकको पेशागत उन्नयन हुने सेवाकालीन तालिमको विकास गरिएको छ । मातृभाषालाई माध्यम र विषय सिकाइका रूपमा प्राथमिक शिक्षा र साक्षरता कार्यक्रमहरूमा समावेश गरिएको छ । सरकारी र गैरसरकारी स्तरबाट यस्ता कार्यक्रमलाई सहयोग हुने वातावरण तयार भएको छ र सहायता भइनैरहेको छ ।

सबैका लागि शिक्षा सन् २०१५ सम्मका लागि निर्माण गरिएको राष्ट्रिय कार्ययोजनामा आधारित पंचवर्षीय रणनीतिक कार्ययोजनामा आधारित भएर यो कार्यक्रम तयार गरिएको थियो ।[68] दशौं योजना, गरिबी न्यूनीकरणको रणनीतिपत्र, आधारभूत शिक्षा कार्यक्रम दोस्रोको अनुभव तथा उपलब्धिको आधारमा यो कार्यक्रम तयार गरिएको थियो । यस कार्यक्रमका लागि सबैका लागि शिक्षा-डकार घोषणापत्र (सिनेगलको डकार, २६-२८ अप्रिल २०००) सबैका लागि शिक्षाः हाम्रो सामुहिक प्रतिबद्धताको प्राप्तिको नेपाल सरकारले प्रतिवद्धता जनाए अनुसार डकार कार्यढाँचाले तयार गरेका ६ वटा उद्देश्यमा आधारित भएर

68 शिक्षा तथा खेलकुद मन्त्रालय, सन् २००३ ।

तयार गरिएको थियो । सो लक्षित उद्देश्य र नेपालले तयार गरेका कार्ययोजना सफल पार्न साझेदारका रूपमा विभिन्न गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाईसमेत परिचालन गरेका छन् । यो अवधिमा यस्ता संघसंस्थामार्फत संचालन भएका कार्यक्रमले मातृभाषालाई माध्यम र विषयका रूपमा विद्यालयमा उपयोग गर्ने वातावरण बनेको छ । यस्ता संस्थामार्फत मातृभाषा सिकाइका लागि आवश्यक हुने सामग्री निर्माण, शिक्षक तालिम, कार्यक्रम संचालनको अनुगमन तथा कार्यस्थलमा सिकाइको प्रभावकारिता सम्बन्धी अन्तरक्रिया, बालबालिकाको सिकाइमा सहयोग, भाषा एक र भाषा दुईको उपयोग सम्बन्धी परीक्षण कार्यक्रम संचालन, पुस्तक तथा शब्दकोश लेखन, साक्षरताका लागि सामग्री निर्माण तथा कार्यक्रम संचालन, पढ्ने शीपको विकास सम्बन्धी कार्यक्रम संचालन, स्थानीय समुदायलाई मातृभाषाको उपयोगको अभिमुखीकरण तथा सचेतना कार्यक्रम संचालन, भाषा १ तथा भाषा २ का बीचको अन्तरिम समन्वयको विषय, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउने कार्यक्रम, शिक्षकको तयारी र तालिम, पाठ्यक्रमअनुरूप पाठ् यपुस्तक तयार गर्ने अभ्यास र लेखन शीपलाई सवलीकरण गर्ने जस्ता कार्यक्रम संचालन भइरहेका छन् ।

नेपालको बहुभाषिक यथार्थता र आफ्नो मातृभाषामा शिक्षामा पाउने अधिकार सुनिश्चित गर्न कक्षामा बहुभाषिक शिक्षाको थालनी भएको छ । कक्षामा देखिने बहुभाषिक उपस्थितिको सम्बोधन गर्न बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका, २०६६ कार्यान्वयनमा ल्याइएको छ। यसले मुख्य रूपमा एकल मातृभाषी विद्यालय, द्विभाषी विद्यालय र बहुभाषी विद्यालय रहने रणनीतिलाई अघि सारेको छ । यसले समाजमा भाषा प्रयोगको अवस्थाका आधारमा विद्यालयका कक्षामा भाषिक उपयोगलाई सजिलो बनाउन सहयोग गर्न थालेको छ ।

नेपालका कक्षामा भाषिक विविधताको सम्बोधन गर्नेतर्फ के कस्ता

अभ्यास भएका छन् ? भन्ने प्रश्नमा आधारित भई सिंहावलोकन गर्दा संविधान तथा भाषिक नीतिहरू र शिक्षा आयोगका प्रतिवेदनहरूले बहुभाषिकताको सम्बोधन सम्बन्धी सुझाव दिएका छन् । नेपालको बहुभाषिक अवस्थाका सम्बन्धमा शिक्षा विभाग (वि.सं. २०५८/०५९) द्वारा गराइएको अध्ययनमा विद्यालयमा संचालित बहुभाषिक कक्षाका मुख्य मुख्य समस्या औँल्याइएको छ। भाषा सिकाइका क्रममा उच्चारण, पठन र लेखन आदिसँग सम्बन्धित समस्याहरू देखाइएका छन् । यो अध्ययन मुख्य रूपमा नेपालका विभिन्न विद्यालयका कक्षामा प्रयोग हुने भाषिक व्यवहारको मूल्यांकनमा आधारित थियो ।

मातृभाषालाई माध्यमका रूपमा उपयोग गर्ने अवसर पाएका बालबालिकाहरूको सिकाइ राम्रो हुने ठम्याइ मनोविश्लेषकहरूको रहेको छ । मातृभाषाका माध्यमबाट सिकाइ गर्ने अवसर पाएका बालबालिकाहरूमा आत्मबल बलियो हुने, काम गर्ने प्रेरणा जाग्ने, कक्षालाई प्रभावकारी रूपमा सम्बोधन गर्न सक्ने, समयको सदुपयोग हुने, शैक्षिक उपलब्धि राम्रो हुने र ज्ञानात्मक क्षेत्रसमेत राम्रो भएको कुरा युनेस्को (सन् २००८) को प्रतिवेदनमा उल्लेख छ। यस किसिमको अभ्यासले सहभागितामा उत्साहप्रद रूपमा वृद्धि भएको उल्लेख गरिएको छ ।

**अन्तर**

उल्लिखित विषय तथा अध्ययन र विद्यालयले संचालन गरेका कक्षाहरूको अवलोकनका निष्कर्ष हेर्दा देहायका समस्याहरूको अनुभूति गरिएको छ। नीति र कार्यगत तहमा केही अन्तर देखिएको छ। भाषिक विविधताको सम्बोधनका प्रयत्न भएका छन् तर पनि लक्ष्यमा केही अन्तर अनुभूत गर्न सकिन्छ ।

१ भर्ना भएका विद्यार्थीहरू बीचैमा विद्यालय छाड्ने प्रवृति देखिएको छ। कक्षामा प्रयोग भएको भाषा नबुझेका कारण पढाइप्रति दिनानुदिन अभिरुची कम हुँदै जान्छ र विद्यार्थीहरू बीचैमा कक्षा छोड्न पुग्दछन्।

आफ्नो घरको भाषा भन्दा फरक भाषाको उपयोगले उनीहरूको सिकाइलाई आकर्षित गर्नुको सट्टा पढाइप्रति ध्यानाकर्षण नहुने । म जान्दिन भन्ने भावना उत्पन्न भइ हीन मानसिकताको विकास हुन पुग्दछ र बीचैमा विद्यालय छाड्न पुग्दछन् ।

२ शिक्षण सिकाइको कार्यमा संयोजनको अभाव देखिनु । बहुभाषिकताको अर्को समस्या भनेको भिन्न भिन्न मातृभाषा भएका विद्यार्थी भएको कक्षामा संयोजनको अभाव देखिन्छ र शिक्षक विद्यार्थी दुवैले बढी प्रचलित एवं सबैले बुझ्ने भाषाको प्रयोग गर्न पुग्छन् । यस अवस्थामा घुलमिल हुन, आफ्नो घरपरिवारको वातावरणको महशुस गर्न नसक्दा सामाजीकरणमा कठिनाइ उत्पन्न हुन्छ । कठिनाइ र असंयोजनकै कारण पनि विद्यार्थीहरू विद्यालय छाड्छन् । विद्यार्थीहरूले विद्यालय नछाडे पनि पढाइमा ज्यादै पछि पर्दछन् ।

३ उपयुक्त पाठ्यसामग्रीको अभाव देखिनु । मातृभाषामा शिक्षण गर्न पाठ्यपुस्तक र अन्य शिक्षणसामग्रीको जरुरी हुन्छ । लेख्य परम्परा भएका भाषाहरूको संख्या ज्यादै कम छ । मौखिक परम्परा भएका भाषाको शिक्षण सुविधा छैन । भाषाको अध्ययन, लिपि व्यवस्था, वर्णमाला व्यवस्थापन एवं निर्धारण र भाषाका विज्ञहरू भाषिक सामग्रीभित्र पर्दछ । सामग्रीको व्यवस्था नभएमा शिक्षण राम्रो र प्रभावकारी हुँदैन । भाषा शिक्षण प्रभावकारी हुनको लागि शिक्षण सिकाइ क्रियाकलापमा अभ्यास र पुनरावृति चाहिन्छ । यो अवसर बढी भन्दा बढी सामग्री प्रयोगमा देखिन्छ ।

४ प्रशिक्षित जनशक्तिको अभाव देखिनु । मातृभाषा शिक्षणसँग सम्बन्धित सामग्रीकै अभाव र भाषा जान्ने मानिसको संख्या ज्यादै कम भएमा पनि भाषा शिक्षणमा कठिनाइ उत्पन्न हुन्छ । भाषा शिक्षणका लागि दक्षता प्राप्त व्यक्तिको जरुरत पर्दछ । राष्ट्र भाषामासमेत दक्षता प्राप्त पर्याप्त शिक्षकको अभाव छ भने अरुभाषामा एकातिर भाषा जान्ने मानिसको संख्या कम छ भने अर्कातिर प्रशिक्षित जनशक्तिको पनि अभाव छ । यस्ता भाषाका शिक्षकहरूलाई प्रशिक्षण गर्ने कार्यक्रमसमेत नभएका कारण मातृभाषा शिक्षण केवल भाषा प्रशार

गर्ने कार्यमा मात्र सीमित रहेको पाइएको छ।

५ शिक्षामा गुणस्तर भनेको पूर्व निर्धारित सूचकांक प्राप्त गर्नु हो। शिक्षाका निर्धारित लक्ष्य प्राप्त गर्न विभिन्न प्रकृतिका सूचकांकहरू तयार गरिएका हुन्छन्। ती सूचकांकको लक्षित नतिजा प्राप्त गर्न सक्नुलाई नै गुणस्तरीय शिक्षाका रूपमा लिइन्छ। गुणस्तर सबै मुलुकमा एउटै मापोबाट मापन हुँदैन। नेपालको गुणस्तर र छिमेकी मुलुकहरूको गुणस्तर मापनका लागि तयार गरिएका सूचकांकहरू फरक हुन सक्छन्।

उल्लिखित समस्याका सन्दर्भमा देहायअनुसारका नीति र कार्यगत तहमा कार्य गर्न आवश्यक देखिएको छ। केही सुधारका कार्यपछि मात्र अन्तर घटाउन सकिन्छ।

पाठ्यक्रम व्यवस्थापनः मातृभाषाको उपयोगबाट गुणस्तरीय शिक्षा विकासका लागि पाठ्यक्रममा पनि सुधार हुनु आवश्यक छ। पाठ्यक्रममा सुधार गर्दा सिकाइ क्रियाकलापमा प्रभावकारिता आउने प्रकृतिको सामग्रीको चयन आवश्यक छ। सिकाइमा बारम्बार उपयोग नहुने सामग्रीको चयनले सन्दर्भको संवर्धन भएपनि प्रभावकारी सिकाइ सम्भव छैन। त्यसैले सामग्री छनोटमा ध्यान दिन आवश्यक छ। यसरी सामग्री चयन गर्दा विद्यार्थीको वास्तविक आवश्यकता र स्तर उकास्नेअनुरूपको सामग्रीको चयन आवश्यक छ। विद्यार्थीको रुची र आवश्यकताअनुरूपको सामग्री चयन भएमा विद्यालय छोड्ने उच्चदर घटाउन सकिन्छ। परीक्षणबाट स्तर निर्धारण गरेअनुरूपको संयोजित र सबै क्षेत्रलाई समेट्ने सामग्री चयन यसको अर्को आधार हो। सामग्री चयनको अर्को तर मुख्य सन्दर्भ हो, विषयवस्तुमा विविधता, समान सहभागिता वृद्धि, विद्यार्थीहरूको मनोवैज्ञानिक र सिर्जनात्मक प्रवृतिको विकास हुन सक्ने खालका सामग्रीहरूको चयन आदि।

शिक्षक व्यवस्थापनः अप्रशिक्षित शिक्षकहरूलाई सम्बन्धित भाषाको

शीपमूलक तालिम दिनु अतिनै आवश्यक छ । यस्तो तालिमका लागि पाठ्यवस्तु शिक्षण, शिक्षण विधि र व्याकरण शिक्षणलाई समेट्ने तालिम कार्यक्रम बनाइनु उपयुक्त देखिन्छ । तालिमलाई कक्षाको शिक्षण सिकाइको वातावरणसँग सम्बन्धित गरिएको खण्डमा तालिमपछिको मातृभाषा शिक्षण प्रक्रियामा प्रभावकारिता आउने कुरामा निश्चित गर्न सकिन्छ । जसले गर्दा विद्यार्थीहरूमा विद्यालय छाड्ने प्रवृति घट्छ र स्तरीय पठनपाठनमा मद्दत पुग्दछ। त्यसै गरी माथिल्लो कक्षामा शिक्षण गर्ने शिक्षकका लागि सेवाकालीन दक्षतामूलक र व्यवसायिक तालिम दिनुपर्ने हुन्छ। यस्तो तालिमबाट शिक्षकहरू पूर्ण तालिम प्राप्त हुन्छन् र सिकाइ प्रक्रियामा सुधार आउँछ। सिकाइ प्रक्रियामा सुधार आउनाले प्रभावकारितामा वृद्धि हुन्छ र गुणस्तरीय शिक्षको अपेक्षा गर्न सकिन्छ।

पाठ्यसामग्रीः पाठ्यसामग्रीभित्र पाठ्यपुस्तक र शिक्षण सहायक सामग्रीहरू पर्दछन्। देहाय अनुसारका पाठ्यसामग्री व्यवस्था हुन सकेको खण्डमा सिकाइमा प्रभावकारिता आउन सक्छ। सिकाइका लागि शिक्षक तथा विद्यार्थी दुवैले समान रूपमा उपयोग गर्ने सामग्रीमा शिक्षक निर्देशिका/पाठ्यपुस्तक पर्दछन् । यसमा विद्यार्थीहरूलाई पाठ्यपुस्तक र शिक्षकलाई शिक्षण निर्देशन बढी उपयोगी ठहरिन्छन् । माथिल्लो कक्षामा भिन्न भिन्न प्रकृतिका बहुपाठ्यपुस्तक उपयोग भएपनि आधार भूत तहमा कक्षाका लागि कम र एकै प्रकृतिका पाठ्यपुस्तकहरूको उपलव्धता आवश्यक छ। उल्लिखित सामग्रीको अतिरिक्त थप सहयोगी पुस्तकहरूको व्यवस्था आवश्यक छ। यस्ता पुस्तकको उपयोग सानो कक्षादेखि नै गर्न सकेमा सिकाइ प्रभावकारी बन्न पुग्छ । यसले विद्यालयलाई पुस्तकालयको व्यवस्था गर्न र उपयोग गराउने वातावरण निर्माण गर्न सहयोग पुग्दछ ।

शिक्षण विधि/तरिकाः गुणस्तरीय शिक्षा विकासका लागि शिक्षण विधिले पनि ठूलो भूमिका निर्वाह गरेको हुन्छ। प्रभावकारी ढंगले मातृभाषालाई शिक्षण गर्ने वातावरण निर्माण गरेको अवस्थामा विद्यालय छोड्ने प्रवृति

कम हुने, पढाइप्रति रुची बढ्ने र सिकाइ उपलब्धिमा वृद्धि हुने अवस्था देखा पर्दछ । यसमा विशेष रूपले भाषा सिकाइ विद्यार्थी केन्द्रीत गर्न आवश्यक हुन्छ । सिकाइमा शीप र विधिक आवश्यकता अनुसार संयोजन गर्न आवश्यक पर्दछ । यसका लागि तालिममा संयोजन गर्न सक्ने शीपको आवश्यक छ । कक्षामा सिकारुको भाषिक सामर्थ्य बढाउने र स्वतन्त्र सिकाइको विकासमा थप उर्जा प्रदान गर्ने शीप शिक्षकलाई चाहिन्छ । यसै गरी कक्षामा सिक र गर को अनुसरण गरी शिक्षण गर्ने अभ्यास शिक्षकलाई आवश्यक छ । यसका अतिरिक्त योजनाबद्ध ढङ्गले लक्षित कार्यक्रम अनुरूप शिक्षण गर्ने शीपका लागिसमेत शिक्षकलाई तालिम दिनुपर्दछ ।

उपयुक्त कुरालाई ख्याल गरी शिक्षण गर्दा कक्षा कोठामा गरिने शिक्षण सिकाइको वातावरणमा सुधार हुनुका साथसाथै शिक्षा विकासमा देहायअनुसारको परिवर्तको अपेक्षा गर्न सकिन्छ । माथिको तालिमपछि शिक्षकमा देहायअनुसारका शीपको वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

१ सहयोगी सामग्रीहरूको निर्माण र उपयोगबाट शिक्षण गर्ने प्रवृतिको विकास हुन्छ । शिक्षकका शिक्षण सम्बन्धी आधारभूत शीपको उपयोग गर्ने प्रवृतिको विकास हुन्छ ।

२ शिक्षण गर्न इच्छुक सबैलाई शिक्षण गर्ने अवसरमा वृद्धि हुन्छ ।

३ विद्यार्थीको आवश्यकता अनुसारको पाठ्यक्रम निर्माणगर्न मद्दत पुग्दछ ।

४ शिक्षकहरूको तालिमको क्षेत्रमा अल्पकालीन एवं दीर्घकालीन सहयोगका योजनाहरू निर्माण गर्न सहयोग पुग्दछ ।

५ प्रशिक्षणमा भाषिक सुझको विकासमा जोड दिइन्छ ।

६ विद्यार्थीको आवश्यकताअनुसार पाठ्यक्रममा विविध क्षेत्रका सामग्रीको व्यवस्था गर्न मद्दत पुग्दछ ।

७ शिक्षकहरूको अनुसन्धनात्मक र व्यवसायिक प्रवृतिको विकासमा मद्दत पुग्दछ ।

**चुनौतीहरू**

(क) मातृभाषालाई माध्यम बनाई शिक्षणका लागि चाहिने आधारभूत कुराहरूमा मातृभाषी शिक्षकको व्यवस्था, कक्षामा मातृभाषी समूह निर्माण र शिक्षणका लागि सामग्रीको व्यवस्था आवश्यक छ । परीक्षणका रूपमा संचालित मातृभाषिक/बहुभाषिक विद्यालयहरूमा सम्बन्धित पाठ्यपुस्तकको मात्र व्यवस्था गरिएको छ । अन्य माथि उल्लिखित विषयको व्यवस्थापन हुन सकेको छैन यो अवस्थामा कक्षा संचालन गर्न कठिनाइ भएको छ ।

(ख) बहुभाषिक शिक्षकका लागि तालिम संचालन गर्दा भाषा कुनाको निर्माण गरेर वा समानान्तर भाषा सिकाइका विषय समावेश गरेर र विभिन्न भाषाका विषय कुना निर्माण गरेर शिक्षण गर्न प्रोत्साहन गरिएको छ । उल्लिखित विषयको सम्बोधन शिक्षकका लागि समस्या देखिएको छ ।

(ग) कक्षाका लागि उपलब्ध शैक्षिक सामग्री, भौतिक अवस्था, विद्यार्थी संख्या र शिक्षकको उपलब्धतालाई हेर्दा भाषाका शीप तथा भाषिक अभिवृत्तिका आधारमा शिक्षण गर्न चुनौती देखिएको छ । एक मातृभाषी विद्यार्थी तथा शिक्षकको लागि अर्को मातृभाषाका शब्द तथा भाषा प्रयोगको अवस्थाको जानकारी नहुनु, एउटा कक्षामा बहुभाषिक विद्यार्थी हुन्छन् ती सबैलाई समान रूपले सम्बोधन गर्न कठिनाइ हुनु र एउटा कक्षामा धेरै प्रकृतिका भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू हुन्छन् । तिनीहरूको भाषिक विविधता सम्बोधनका गर्न चुनौती देखिन्छ ।

(घ) उल्लिखित विविध प्रकारका बालबालिकाहरूको मनोभावना, इच्छा, चाहना र रुचि इत्यादिलाई ध्यान दिँदै शिक्षण सिकाइ गर्नुपर्ने भएकाले यो कार्य शिक्षकका लागि चुनौतीपूर्ण विषय बनेको छ । कुनै एक शिक्षकलाई सबै भाषाको ज्ञान नहुनु स्वाभाविक देखिन्छ । यसको मुख्य कुरा भाषिक कठिनाइलाई न्यूनीकरण गर्न मातृभाषा प्रयोगको आवश्यकता हुन्छ । मातृभाषामा शिक्षणार्थ शिक्षकले

स्थानीय उपयोगको भाषा सिक्न तत्परता देखाउनु पर्छ । सबै कक्षाका पाठ्यपुस्तकहरू तयार भइनसकेकाले पठनपाठनमा चुनौती देखिन्छ ।

(ङ) पाठ्यसामग्री निर्माणका लागि मातृभाषी विद्यालयलाई थप स्रोतको व्यवस्था नहुँदा सिकाइ प्रभावित भएको देखिन्छ र आवश्यकता भएका स्थानमा पर्याप्त सामग्रीको व्यवस्था नगर्दा प्रभावकारी सिकाइ सम्भव भएको पाइएन । शिक्षकका लागि यो विषय चूनौतीपूर्ण छ ।

(च) शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दा विद्यार्थीहरूमा भाषिक विविधता भएका कारण भाषाका सबै शीपको अभ्यास हुने गरी शिक्षण गर्नु भाषाका शिक्षकका लागि चुनौती देखिएको छ । एउटै विषय र शीर्षकको कक्षा क्रियाकलाप संचालन गर्दा शीर्षकअनुसार कुनै एक शब्द/वाक्य पनि भाषाअनुसार फरक पर्ने हुन्छ । त्यस्तो अवस्थामा शिक्षकले सम्बन्धित विद्यार्थीलाई नै सोधी उनीहरूको मातृभाषामा शब्द वा वाक्य वा प्रयोग कस्तो हुन्छ? भनेर पत्ता लगाउनु आवश्यक हुन्छ । यसमा विद्यार्थीले दिएको सूचना आधिकारिक नहुने कारणले पनि भाषा सिकाइको प्रभावकारिताका कारण पनि चुनौती देखिएको छ ।

(छ) मातृभाषामा कक्षा संचालन गर्दा शैक्षिक सामग्री छनोट गर्ने कार्य ज्यादै जटिल देखिन्छ । यसका लागि कक्षा, विद्यार्थीको तह र सिकाइलाई आधार बनाएर कक्षा संचालन गर्नु पर्ने हुन्छ । त्यसैले पनि यो अर्को चुनौती हो ।

(ज) कक्षाको मातृभाषामा विविधता नभए पनि नेपाली मातृभाषा र अन्य मातृभाषाका बिचमा विविधता छ र सिकारुका कठिनाइको समाधानमा शिक्षकले सहयोगी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । शिक्षकमा दुवै मातृभाषाको अभ्यासविना सिकाइ सम्भव देखिँदैन । यसलाई सम्भव बनाउन विद्यार्थीहरूका पारिवारिक अवस्थाका साथै सिक्ने क्षमताको पहिचान गरी अध्ययन अध्यापन गर्नु पर्ने अवस्था, चित्र प्रदर्शन, छलफल संचालन, कथा शिक्षण, कविता

शिक्षण आदिको व्यवस्थापनमा चुनौती अनुभव गरिन्छ ।

**अबको बाटो**

नेपालका विभिन्न आवधिक रूपमा गरिएका जन गणनाले प्रत्येक पटक मातृभाषाको संख्या फरक फरक देखाएको छ । नेपाल बहुभाषिक देश भएपनि यहाँको भाषा प्रयोगको अवस्था एकभाषी प्रकृतिको रहेको छ । नेपालभित्र र शैक्षणिक प्रयोजनका लागि एकभाषी अभ्यासले निरन्तरता पाएको छ । यस्तो अवस्थामा अबको बाटो के हो त? कानुनी रूपमा हाम्रा अभ्यासमा कमी छैन तर कक्षामा भाषिक विविधताको सम्बोधन भएको छैन । यसका केही सम्भावित गन्तव्य निम्नानुसार समावेश गरिएको छ ।

**शैक्षिक प्रयोजनका लागि भाषा नीति**

१. नेपालका विभिन्न जनगणनाका प्रतिवेदनहरूमा यहाँ प्रयोग हुने भाषाको संख्या फरक फरक देखाएको छ । सन् २०११ को जनगणनाले १२३ भाषाको प्रयोग भएको अवस्था देखाइएको छ । यो अवस्था हेर्दा सर्वप्रथम यहाँ प्रयोग हुने सबै भाषाको उपयोग र शैक्षणिक प्रयोजनका दृष्टिले बिस्तृत् भाषिक सर्वेक्षण आवश्यक छ । यो सर्वेक्षण वैज्ञानिक, वस्तुपरक, विश्वासनीय, उपयोगिताका दृष्टिले आवश्यक र भरपर्दो तथा पहिचान योग्य हुनुपर्छ ।

२. भाीषक सर्वेक्षणमा समावेश भएका ती सबै भाषाको उपयोग र संरक्षणका दृष्टिले वर्गीकरण गरी भाषा विकास सम्बन्धी नीति तयार गर्न आवश्यक देखिएको छ । यस क्रममा ती भाषाको विद्यमान अवस्थाका आधारमा समूहकृत गर्न सकिन्छ । यस वर्गीकरणमा मानक, लेखन पद्धति, लिपिको उपयोग, शब्द भण्डार र व्याकरणको उपयोगलाई समेत ध्यान दिन आवश्यक छ । कक्षामा सिकाइको माध्यम र विषयका रूपमा प्रयोग गर्न सकिने दृष्टिले वर्गीकरण हुन आवश्यक हुन्छ ।

३. भाषाको वर्गीकरणपछि समूहगत आधारमा शिक्षाको माध्यम

र विषयका रूपमा उपयोग गर्ने भाषा नीति आवश्यक हुन्छ । यस्तो नीति बिना भाषा उपयोग गर्दा भाािषक उन्नयन गर्न, प्राथमिकताका आधारमा योजना निर्माण गर्न र भाषाको छनोट गर्न सकिँदैन । यसै आधारमा सर्वप्रथम भाषा छनोटको नीति आवश्यक देखिएको छ । यस नीतिका आधारमा कुन भाषाको उपयोग कसरी गर्ने? भन्ने कार्ययोजना र आधुनिकीकरणको खाका तयार गर्न सकिन्छ ।

४. नेपालको भाषिक नक्सा अध्ययन गर्दा भाषा उपयोगका कारण नेपाली समाज विभिन्न स-साना समूह वा क्षेत्रमा विभाजित भएको देखिन्छ । अतः कुनै पनि भाषा प्रयोगको मूलकेन्द्र र त्यहाँबाट हुने आर्थिक, सामाजिक एवं अन्य व्यावहारिक गतिविधिमा भाषिक उपयोग सम्बन्धी अवस्थाको विश्लेषण नगरी भाषा उपयोगको नीति तयार गर्न सम्भव हुँदैन । भाषा उपयोगको नीति निर्माण गर्दा सबैलाई पहुँच र सुविधा हुने नीतिको व्यवस्थापन हुन जरुरी हुन्छ । यसको महत्वपूर्ण र आधारभूत विशेषता अभिव्यक्ति क्षमता नै हो । यसको अर्को आधार प्रचलन र आधिकारिकता पनि हो । यस आधारमा विश्लेषण गर्दा बहुलता र बहुसाँस्कृतिक आधारमा भाषा उपयोगको नीति तयार हुनु आवश्यक छ ।

५. भाषा, संस्कृति र सामाजिक एवं आर्थिक क्षेत्र तथा अन्तरसमूह सम्बन्ध कायम गर्ने गरी नीतिगत व्यवस्था गर्न जरुरी हुन्छ । न्यून रूपमा प्रयोगकर्ता रहेको भाषालाई सरकारले कसरी समुचित सम्बोधन गर्ने भन्ने विषयको नीति बनाउँदा भाषा संरक्षण र विकास गर्ने नीति तयार भएपछि मात्र शिक्षामा उपयोग गर्ने गरी कार्ययोजना बनाउनु उपयुक्त हुन्छ । यस्तो नीतिका लागि केन्द्रले खाका दिने र स्थानीय निकायबाट भाषा विकासको प्रक्रिया अघि बढाउने गरी कार्यनीति उपयोगमा ल्याउनु उपयुक्त हुने देखिन्छ ।

६. अल्पसंख्यक र बहुसंख्यक समुदायले उपयोग गरेका भाषाको जीवन्तता कायम गर्न, क्षेत्र बिस्तार गर्न र भाषाको विकास तथा आधुनिकीकरण गर्ने नीति अख्तियार गर्नु उपयुक्त हुने देखिएको

छ । यस नीतिले भाषाको संरक्षण तथा संवर्धनको खाकासमेत प्रस्तुत गर्न आवश्यक देखिन्छ ।

७. उल्लिखित आधारमा भाषाको क्षेत्रगत योजना निर्माण गर्न उपयुक्त हुन्छ । यस अन्तर्गत शैक्षणिक प्रयोजनका लागि माध्यम र विषयका रूपमा भाषाको उपयोगको रणनीतिक योजना निर्माण गर्न आवश्यक हुन्छ । विद्यालय तहको बालशिक्षा, आधारभूत तह र माध्यमिक तहका लागि माध्यम तथा विषयका रूपमा भाषा उपयोगको योजना तयार गर्न उपयुक्त देखिन्छ । यसै योजनाका आधारमा भाषाको छनोट, छनोट भएका भाषाको माध्यम तथा विषय शिक्षणको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक र सिकाइ सामग्री तयारी, शिक्षकको पेसागत उन्नयनका लागि तालिम, कक्षा संचालनको व्यवस्था र परीक्षा योजना तयार गर्न आवश्यक देखिन्छ ।

८. भाषाको उपयोग र विकासका लागि सरकारको केन्द्रीय तहमा समन्वय गर्ने एक सरकारी निकाय हुनु जरुरी छ । यस निकायले नेपालमा भाषिक प्रयोग र यसको विकासका लागि नीति तथा कार्यक्रम तय गर्नुका साथै सबै भाषाको उन्नयन तथा विकास सम्बन्धी कार्यक्रम तयार गर्नु पनि उपयुक्त हुने छ । यसका लागि संस्कृति सम्बन्धी काम गर्ने मन्त्रालय वा अन्य कुनै मन्त्रालय वा राष्ट्रिय योजना आयोग उपयुक्त निकाय हुन सक्ने देखिएको छ ।

९. कक्षामा मातृभाषाको उपयोग सम्बन्धी नीतिको कार्यान्वयन गर्दा सामाजिक, साँस्कृतिक तथा धार्मिक रूपमा उपयोग हुने अवस्था र बालअधिकारको प्रत्याभूतिका दृष्टिले भाषा छनोटलाई प्राथमिकता दिन आवश्यक छ । कक्षामा विद्यार्थीको उपस्थिति र उनीहरूको भाषिक पृष्ठभूमिका आधारमा स्थानीय अभिभावकका भेलाले कक्षामा प्रयोग गरिने भाषाहरू निर्धारण गर्ने गरी नीतिगत व्यवस्था हुनु जरुरी छ । प्रौढहरूको साक्षरता वृद्धि गर्ने कार्यक्रममा पनि भाषा छनोटको यो विधि उपयोगमा ल्याउन सकिन्छ । यसरी भाषा छनोट गरी त्यसमा शिक्षकको तालिम, सामग्री निर्माण एवं

प्रयोग र कक्षा संचालन सम्बन्धी शीप तथा स्थानीय स्रोतको व्यवस्थाका लागि सहकार्यको खाकासमेत निर्धारण गर्नु आवश्यक छ । यस प्रकारको कार्यले साक्षरता तथा भाषिक शीपको विकास र उच्चस्तरको सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्ने हुनाले विद्यालयमा शिक्षा विकासका अन्य कार्यक्रमको समन्वय सम्बन्धी व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । भाषाको छनोटपश्चात् कक्षामा भाषिक संचार कसरी गर्ने? भन्ने पक्षलाई प्राथमिकता दिई शिक्षक तयारी गर्नु उपयुक्त हुन्छ ।

१०. कक्षामा माध्यमका रूपमा भाषा छनोट गर्दा एकभाषी, द्वैभाषी, त्रैभाषी र बहुभाषी कक्षाको व्यवस्थापन उपयुक्त देखिन्छ । कुनै विद्यालय क्षेत्रमा एकभाषी सघनता छ त्यहाँ एकभाषी, कुनै विद्यालय क्षेत्रमा दुई भाषाको उपयोग हुन्छ त्यहाँ द्वैभाषी, सिकारुको संख्य भए त्रैभाषी र सोभन्दा बढी मातृभाषाको उपस्थिति भएमा त्यहाँ बहुभाषी कक्षा संचालन हुने गरी भाषा छनोट हुन उपयुक्त देखिन्छ । यस्तो भाषा छनोटको कार्य गर्दा विद्यालयको व्यवस्थापन समिति र स्थानीय अभिभावकको भेलाले गर्न उपयुक्त देखिएको छ ।

११. भाषाको मानकीकरण, स्तरीकरण र उपयोग गर्ने निश्चित आधार बनाउन कठिन भएको तर स्थानीय समुदायमा मौखिक रूपमा उपयोग हुने भाषालाई कसरी संरक्षण, संवर्धन र प्रयोगमा ल्याउने भन्ने विषयमा विश्लेषण गर्दा प्राथमिक तहका कक्षामा मातृभाषाको उपयोग गर्ने नीतिको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । यसका लागि मातृभाषामा शैक्षणिक कार्य संचालन गर्ने, भाषिक विकासका लागि यस्तो भाषामा संचार गर्ने, पत्रपत्रिका निकाल्ने र साहित्यको विकास गर्ने जस्ता आधारभूत कार्यलाई जोड दिनु सान्दर्भिक हुन्छ ।

१२. भाषाको योजना निर्माण गर्दा भाषा उपयोगको दिशा पहिल्याउने एक प्रकारको उच्चारण पद्धतिबाट अर्को प्रकारको उच्चारण पद्धतिमा परिवर्तन गर्दै जाने, उक्त विशेषताको पहिचान गर्ने,

भाषा विकासका बृहत् सन्दर्भको खोजी गर्ने, भाषाको आन्तरिक परिवर्तनका गुण र विशेषताको पहिचान गरी भाषा विकासका अवयवबाट निश्चित स्वरूपको खाका तयार गर्ने, यसलाई सामान्य रूपमा प्रयोगमा ल्याउने उपायको खोजी गर्ने र भाषालाई कसरी आधुनिकीकरण गर्ने भन्ने बारेमा योजना समेत प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।

१३. विभिन्न अभ्यास, कार्यालय र शैक्षिक संस्थामा उपयोग नहुने तर अल्पसंख्यक समूहले प्रयोग गर्ने भाषाको आन्तरिक र बृहत् अध्ययन तथा विश्लेषणपछि पूर्ण रूपले भाषिक नीतिमा नै परिमार्जन गर्नु सान्दर्भिक हुन्छ । यसका लागि भाषिक नीतिले अल्पसंख्यकको भाषालाई कक्षामा माध्यमका रूपमा उपयोग गर्दा लक्ष्य भाषा र अन्य भाषाहरूका बिचमा अनुकूलन हुने नीतिको तयारी गरी भाषाको उपयोग गर्ने ससाना समूहबाट सम्पादन गर्न सक्ने मूल्यमान्यताको परिमार्जन सम्बन्धी काम गर्नुपर्छ । कक्षामा भाषा अनुकूलनको नीतिलाई अनुसरण गर्दा अन्तरसमूह, संस्कृतिक मूल्य तथा मान्यताका विशेषताको समायोजन, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक र भाषिक विशेषता, प्रविधिको अत्याधुनिकता, बसाइँसराई, ज्ञानात्मक परिवर्तनको दिशा र प्रत्येक व्यक्ति वा समुदायमा देखिने विविधता सम्बोधनको आवश्यकता विश्लेषण गर्नु आवश्यक छ । समाजमा बहुप्रचलित वा सबै समुदायलाई नियन्त्रण गर्न सक्ने भाषाको परिधिभित्र रही यस्ता भाषालाई बिस्तारै उपयोग गरेर अघि बढ्ने रणनीति ल्याउनु आवश्यक हुन्छ ।

१४. भाषा उपयोगको नीति निर्माण गर्दा बहुसंख्यक र अल्पसंख्यकको समूहगत उपस्थिति नहेरी भाषा वैज्ञानिक आधार र प्रतिस्पर्धाका आधारको ख्याल गर्नु आवश्यक हुन्छ । बहुसंख्यक र अल्पसंख्यक दुवै समूहबीचको सम्बन्धमा अप्रतिस्पर्धी र भाइचाराको सौहार्दपूर्ण नाता कायम हुने गरी व्यवस्थापन गर्नुपर्छ । भाषा परिवर्तनको प्रक्रियालाई भाषाको उपयोगबाट व्यवस्थित गर्ने, पुनर्व्यवस्थित

गर्ने, यसको अर्को आधार सकारात्मक हस्तक्षेपकारी अवस्था निर्माण गर्ने, पहिचान र निदानको अवस्था निर्माण गर्ने एवं त्यसको उपचार गर्ने गरी नीति तयार गर्नु आवश्यक छ। पहिचान र निदानको अवस्था निर्माण गरी त्यसको उपचार गर्ने नीति तयार गर्दा परिवार तथा समाजले प्रयोग गर्दै रहेको भाषिक अवस्थाको उपयोग गर्ने रणनीति महत्वपूर्ण हुन्छ।

१५. कक्षामा माध्यम र विषयका रूपमा मातृभाषाको उपयोग गर्न स्पष्ट नीतिगत व्यवस्था आवश्यक छ। यो कार्य गर्दा सिकारुको व्यक्तिगत फाइदा, विद्यमान श्रमबजार, उसको सामूहिक फाइदा तथा सामाजिक अन्तरसंवाद र साँस्कृतिक पहिचानलाईसमेत आधार बनाउनु आवश्यक हुन्छ । अल्पसंख्यक र बहुसंख्यकले उपयोग गर्ने भाषाले सम्बन्धित जाति तथा भाषाको पहिचानमा सहयोग गरेको हुन्छ । सामान्य रूपले हेर्दा प्रयोगमा आधारित नीति बढी आवश्यक हुन्छ । सामूहिक पहिचानका लागि यस्तो नीति अत्यन्त उपयोगी ठानिन्छ।

१६. अल्पसंख्यकले उपयोग गर्ने भाषा र संस्कृतिको संवर्धन तथा विकासलाई आर्थिक वृद्धि गर्न सक्ने दृष्टिकोणबाट समेत हेरिनु आवश्यक छ । सामाजिक विज्ञान, समाजको भाषा प्रयोगको प्रचलन र परम्परा अनुसार समाजिक कार्यहरू सम्पादन गरिन्छ। ती कार्यमा विकासका विविध आयाम समावेश गरिन्छ। यस प्रकार समावेश गरिएका उक्त आयाममा विकासात्मक सिद्धान्तलाई आधार बनाइन्छ। व्यक्तिगत संजाल, साँस्कृतिक र भाषिक विविधतालाई सामाजिक पूँजीका रूपमा उपयोग गर्ने नीति तयार गर्नु आवश्यक हुन्छ । यसर्थ अल्पसंख्यकले उपयोग गर्ने भाषालाई पुस्ताको जातिगत स्रोतका रूपमा संरक्षण तथा संवर्धन गर्ने नीति तयारीमा आधारित कार्यक्रमको आवश्यकता हुन्छ । त्यसै गरी समानता, समन्याय, सबैलाई अवसर सिर्जना गर्ने, संस्थागत रूपमा बलियो पार्ने आन्तरिक संजाल सुदृढ बनाउने र यथार्थमा स्थानीयको हित हुने प्रकृतिका नीतिअनुसार भाषा उपयोगको नीति निर्धारण गर्नु

उपयुक्त हुन्छ ।

१७. भाषा मानव पूँजी भएकाले यसको आर्थिक मूल्यका लागि बजार विश्लेषण, बजारको माग र अल्पसंख्यक समुदायको भाषालाई बजारमा उपयोग गर्ने शीप र कार्यक्रम तय गर्नु जरुरी हुन्छ । जातिगत विशेषताका आधारमा पनि विश्लेषण आवश्यक छ । जातिगत विशेषताभित्र विशेष शीप, अनुभव, साँस्कृतिक प्रचलन, उत्पादन क्षमता र सिर्जनात्मक कार्य गर्ने क्षमता रहन्छ । यस प्रकारको क्षमताबाट नै आर्थिक मूल्य निर्माण गर्न मद्दत पुगेको हुन्छ । अल्पसंख्यकको जातिगत शीपले मानव पूँजी निर्माणमा मद्दत गरेको हुन्छ ।। अनुवाद गर्न, शीप सिकाउन र सकारात्मक क्षमताको विकास गर्न अल्पसंख्यकको भाषालाई समृद्ध बनाउन आवश्यक छ । यसका लागि सामाजिक संजाल बनाउने तथा बाह्य र सामुहिक सौदाबाजी गर्ने क्षमता विकास गर्नु आवश्यक छ ।

१८. क्षयीकरणको तहमा प्रवेश भएका भाषाको उपयोग र संरक्षणका लागि जनसंख्या कम भएको क्षेत्र तथा मुख्य बजारभन्दा टाढा रहेको स्थान बढी उपयोगी हुन्छ । यसका लागि आर्थिक क्रियाकलापलाई पहिलो महत्त्वपूर्ण गतिविधिका रूपमा लिनुपर्छ । त्यसै गरी साँस्कृतिक पहिचानलाई यथावत् रहन दिई, पर्यटन उद्योग सम्बन्धी गतिविधिलाई अघि बढाउनु दोस्रो गतिविधिका रूपमा लिन सकिन्छ ।

१९. नेपालको भाषा प्रयोगको अवस्था हेर्दा अनोनिमसको भाषा योजनाको ढाँचाका आधारमा भाषा उपयोग सम्बन्धी नीति र त्यसकै आधारमा भाषा प्रयोगको रणनीति तयार गर्नु आवश्यक देखिएको छ । प्रस्तावित नीतिका आधारमा विश्लेषण गर्दा सर्वप्रथम कुन वर्गमा राख्न सक्ने कस्तो भाषा हो भनी रणनीति तयार गर्नका लागि विभिन्न अल्पसंख्यक, बहुसंख्यक, विदेशीले उपयोग गर्ने र छिमेकी देशको प्रभावमा बोलिने भाषा तथा ऐतिहासिक एवं साँस्कृतिक महत्व भएका भाषाको पहिचान गरी उपयुक्त

रणनीतिगत योजना तयारीको आवश्यकता पर्छ ।

**शैक्षणिक उपयोगका लागि भाषिक योजना**

नेपालमा विभिन्न प्रकृतिका विद्यालय रहेका छन् । एउटै कक्षामा एकभन्दा बढी भाषाको उपयोग हुने अवस्था छ। एकभन्दा बढी भाषाको उपस्थिति देखिएमा भाषाको छनोट कक्षा व्यवस्थापन गर्ने विषय, शिक्षक तयारी र शिक्षकलाई दिइने तालिमको उपयुक्त व्यवस्थापन जरुरी छ । यसका लागि निम्न लिखित पक्षका आधारमा कार्य अघि बढाउनु उपयुक्त हुन्छः

१. अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरूको मातृभाषामा आधारभूत शिक्षा पाउने संवैधानिक बालअधिकार सुनिश्चित गर्न भाषिक विविधताको सम्बोधन आवश्यक छ । यसका लागि सम्बन्धित भाषाको प्रयोगमा आधारित भई बहुभाषिक शिक्षण सिकाइका लागि उपयोग हुने शिक्षण विधि कक्षा संचालनमा समावेश गर्ने शिक्षण योजना आवश्यक छ। साथै शिक्षक तालिममा पनि यसलाई समावेश गर्नु उपयुक्त हुन्छ । बहुप्रचलित भाषाको सहयोगबाट समकक्षी मातृभाषी बनाउन सक्ने गरी सिकाइको रणनीति तयार गर्न उपयुक्त हुन्छ ।

२. विद्यालयले आफ्नो सेवाक्षेत्रमा बोलिने भाषाको अध्ययनपछि माध्यम वा विषयका रूपमा कुनै भाषालाई छनोट गर्ने रणनीति तयार गर्न सक्दछ । विद्यालयमा अल्पसंख्यक समुदायले उपयोग गरेका भाषाको मातृभाषी विद्यार्थीको उपस्थिति बाक्लो छ भने प्रारम्भमा उपस्थित सबै भाषालाई उपयोग गर्न सक्ने रणनीति तयार गर्नु उपयुक्त हुन्छ । अधिक मातृभाषी सिकारुको उपस्थिति भएका कक्षामा भने बहुभाषी कक्षा संचालन गर्ने रणनीतिलाई उपयोगमा ल्याउनु उपयुक्त हुन्छ ।

३. बहुसंख्यकले प्रयोग गर्ने र अल्पसंख्यकले प्रयोग गर्ने भाषाको संवर्धनका तथा एक अर्को भाषासँग सम्बन्ध स्थापित गर्ने रणनीति तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ । नेपालका केही भाषा

बाहेक धेरै भाषामा बोधगम्यता रहेको पाइँदैन । यस्तो अवस्थामा कम्तीमा पनि उही परिवारका अन्य भाषासँग सम्बन्ध स्थापित गरी कक्षामा भाषिक विविधता सम्बोधन गर्ने भाषा सिकाइको योजना आवश्यक छ ।

४. अल्पसंख्यकहरूको भाषिक विविधताको सम्बोधन, भाषिक योजना र भाषाको संरक्षण तथा संवर्धनका लागि निश्चित किसिमको भाषा विकास सम्बन्धी खाका, मानकीकरणका आधार, भाषा उपयोगको नीति र कक्षामा भाषा प्रयोग सम्बन्धी कार्य योजना जरुरी हुन्छ । कक्षामा भाषिक विविधताका अतिरिक्त धार्मिक, साँस्कृतिक, जातिगत, आर्थिक, लैंगिक र उपलब्धिगत आधारमा सिर्जना हुने विविधतासमेत रहेको हुन्छ । यसका आधारमा विविधताको सम्बोधनको खाका बन्न सकेको अवस्थामा अपेक्षित उपलब्धि हासिल हुन सक्छ ।

५. सामुदायिक विद्यालयहरूले उपयुक्त माध्यमको उपयोगबाट सिकाइलाई अघि बढाउनु आवश्यक छ । यसको छनोट गर्ने स्वतन्त्रता विद्यालयलाई दिनु उपयुक्त हुन्छ । सिकाइको समानता तथा सिकाइको अवसरबाट कसैले पनि वंचित हुनुहुँदैन । सिकाइ सबैका लागि समान हुने गरी पाठ्यक्रम तयार गर्नुपर्दछ ।

६. सिकारुको मातृभाषाको विकास, संरक्षण र स्तरोन्नतिका लागि कार्य अघि बढाउन आवश्यक छ । साथै समुदायमा उपयोग भएका भाषाको विकासका कार्यक्रमतयार हुनु पनि आवश्यक छ । अल्पसंख्यक समुदायले उपयोग गर्ने भाषाको विकास तथा विद्यालयीय उपयोगका लागि विशेष योजना तयार गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

७. कक्षा संचालनमा शिक्षकलाई बहुभाषिक शीप हुनुपर्ने हुनाले सोका आधारमा भाषाको उपयोग गर्ने नीति अवलम्बन गर्नु उपयुक्त हुन्छ । कम्तीमा पनि पढ्न एवं लेख्न सकिने र समुदायमा निरन्तर रूपमा प्रयोग हुने भाषालाई विद्यालयमा प्राथमिकता दिनु आवश्यक छ । अन्यत्रका अभ्यासलाई समेत हेर्दा समुदायमा उपयोग हुने तथा

शब्दका रूपमा मात्र नभई भाषिक व्यवहारमा प्रयोग हुने भाषाको विकासका लागि निश्चित खाका तयार हुनु आवश्यक छ । यस्ता भाषाको उपयोग नीति तयार गर्दा समुदायमा यिनको उपयोग तथा विस्तार र भाषा विकासको योजना तयार गरी कक्षामा शिक्षकले कसरी सम्बोधन गर्ने भन्ने तथ्यमा सम्बन्धित सबैको चिन्तन जरुरी छ । कुनै भाषालाई कक्षामा उपयोग गर्ने सम्भावना नभए पनि त्यस्ता भाषामा हुने प्रचलित व्यवहार, ऐतिहासिकता, परम्पराहरू, त्यस भाषाको दार्शनिक पक्ष, लेख्य रूप र साहित्य जस्ता पक्षका आधारमा भाषाका विषयको संरक्षण र सम्बोधन सम्बन्धी नीतिगत योजनाको आवश्यकता पर्दछ ।

८. शिक्षक तयारीका लागि तत्काल विविधता सम्बोधनका शीपसहितको तालिम आवश्यक छ । सिद्धान्ततः अहिलेका संस्थागत र सामुदायिक विद्यालयका कक्षामा एकै प्रकारको अवसर निर्माण गऱ्यो भने भाषा उपयोग तथा सम्बोधनका दृष्टिले प्रारम्भिक सिकारुका लागि बढी न्याय हुन पुग्दछ । समाजमा उपयोग हुँदै रहेका सबै भाषालाई कक्षामा उपयोग गर्न सक्ने र उपयोग हुन नसकेमा सिकाइका लागि सम्बोधन गर्न सक्ने कक्षा संचालनको अभ्यास जरुरी छ । सिकारुको संचार शीप, व्यक्तिगत तथा सामाजिक शीप, साँस्कृतिक क्षेत्रलाई उपयोग गर्ने शीप, सिक्ने तथा बुझ्ने शीप, सिकाइमा समान अवसर निर्माण गर्ने र उपयुक्त शीप हस्तान्तरण गर्ने वातावरण निर्माण हुनु आवश्यक छ । उल्लिखित पक्षका आधारमा शिक्षकलाई तालिम उपलब्ध गराउन सकेमा बहुभाषिकताको सम्बोधन सम्भव देखिन्छ ।

९. प्रारम्भिक सिकाइका लागि स्थानीय भाषाको उपयोग गरिने गणित, विज्ञान र सामाजिक अध्ययन विषयका विषय वस्तु र सिकाइ क्रियाकलापमा आधारित भई अभ्यास गर्नुका साथै सिकारुको रुचि अनुसारका सिर्जनात्मक विषयहरू र सिकारुले जानेका सरल खालका व्यावहारिक अभ्यास गर्न सक्ने गरी कक्षा संचालन गर्नु उपयुक्त हुन्छ ।

१०. प्रारम्भिक सिकाइदेखि नै साझेदारी अथवा समूहमा अभ्यास गर्ने अवसर निर्माण गर्नु जरुरी छ । सिकारुमा आत्म चिन्तनका अतिरिक्त आफूबाट अरूले र अरूबाट आफैँले सिक्न सक्ने विश्वासका साथ सिकाइमा आधारित कक्षा व्यवस्थापन गर्ने शीप शिक्षकलाई चाहिएको छ ।

११. तत्काल भाषा सिकाइमा प्रविधिको उपयोग गर्ने कार्यको थालनी आवश्यक देखिएको छ । प्रविधिको उपयोग गरी प्रत्येक भाषाको विकासमा अग्रसर हुनु आवश्यक छ ।

**कक्षामा भाषिक विविधताको सम्बोधन**

कक्षा व्यवस्थापनमा विविधताको सम्बोधनले सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । विविधता भाषा, संस्कृति तथा परम्परा, सिकारुको पृष्ठभूमि, सिकारुको पारिवारिक अवस्था, सिकारुको सिकाइ उपलव्धी, लैंगिक अवस्था, सिकारुका परिवारको आर्थिक तथा सामाजिक अवस्था जस्ता विविध विषयमा आधारित भएकाले प्रभावकारी सिकाइका लागि शिक्षकले कक्षामा निर्वाह गर्नु पर्ने भूमिका अहं हुन जान्छ । कक्षा संचालनमा शिक्षक मार्ग दर्शकको भूमिकामा प्रस्तुत भए पनि प्रभावकारी सिकाइका लागि विविध शिक्षण विधि उपयोगमा ल्याउन सक्छन् ।

१. कक्षा संचालन र व्यवस्थापन गर्न विभिन्न सिद्धान्तको सहयोग लिन सकिने आधार निर्माण गर्न सकिन्छ । शिक्षण तरिका तथा शिक्षणका विभिन्न विधिहरू, शिक्षणमा उपयोग गरिने प्रयोगात्मक र सिर्जनात्मक अभ्यास, कक्षामा बालअधिकारको संरक्षण, विविधता सम्बोधनको अवस्था, सिकाइका लागि समान अवसर निर्माण गर्ने विषय, भेदभाव रहित कक्षा संचालन, कक्षाकार्यमा अनुसन्धान, लघुअनुसन्धान र कार्यमूलक अनुसान्धानका विषय, शिक्षकलाई केन्द्रविन्दु वा विद्यार्थीलाई केन्द्रविन्दु बनाएर कक्षा संचालन गर्ने विषयका लागि सैद्धान्तिक आधार चाहिन्छ । एउटै कक्षामा विभिन्न सिद्धान्तका कक्षा संचालनको रणनीति लिनु आवश्यक हुन्छ ।

२. प्रस्तुत विषयको सैद्धान्तिक विश्लेषण, नेपालमा भाषा प्रयोगको अवस्था, सैद्धान्तिक आधार निर्माण, कक्षा संचालनको अवस्था, अल्पसंख्यक समूहको उपयोग र बहुसंख्यकको उपयोगमा रहेको भाषिक अवस्था आदिका आधारमा भाषिक विविधताको सम्बोधन गर्नु उपयुक्त हुने देखिन्छ । यसका अतिरिक्त कक्षा संचालनको अवस्था, विविधता सम्बोधनको अवस्था, कक्षामा देखिने भाषिक विविधता, नेपालका कक्षाको अवस्था, कक्षामा उपयोग गरिएका विभिन्न शैक्षिक सामग्री तथा शिक्षण विधि र कक्षालाई प्रभावकारी बनाउन गरिएका अभ्यासका आधारमा पनि भाषिक विविधताको सम्बोधनका गर्नु आवश्यक देखिन्छ ।

३. कक्षामा भाषिक विविधतालाई सम्बोधन गर्नका लागि विविध सिद्धान्तबाट यथेष्ट सहयोग प्राप्त भएको देखिन्छ । भाषिक विविधता र सम्बोधनको आधार तयार गर्न यी सिद्धान्त महत्त्वपूर्ण रहेका छन् । उल्लिखित विविधता सम्बोधन सम्बन्धी विभिन्न सिद्धान्त कक्षाको संचालन तथा व्यवस्थापन, कक्षा संचालनमा समूह निर्माण तथा समूह सिकाइको अभ्यासको संचालन, सिकाइका लागि छलफल, मातृभाषी शिक्षकहरूको क्षमता वृद्धिका लागि निकै उपयोगी छन् ।

४. भाषिक दृष्टिले अल्पसंख्यक र पछि परेको समुदायलाई सकारात्मक रूपले मूलप्रवाहमा लैजानु आवश्यक देखिन्छ। यसलाई केवल सम्बोधनका लागि मात्र कार्यक्रम नराखी प्रभावकारिता अभिवृद्धिलाईसमेत दृष्टिगत गरी कार्यक्रम कार्यान्वयन गर्नु उपयुक्त हुन्छ । समाजमा विविधता भएकाले पनि यसलाई सकारात्मक सम्बोधनका रूपमा हेरिनु आवश्यक छ ।

५. नेपाली समाजमा अझ पनि विविधताको अवस्था विशेष छ। समाजमा यस्ता सबै प्रकृतिका विविधताको अवस्थाको विश्लेषणपछि मात्र सम्बोधन प्रक्रियाको रेखाङ्कन गर्नु उपयुक्त हुन्छ । कक्षामा विविधताको अवस्थालाई तत्काल पहिचान र सम्बोधन गर्ने रणनीति तयार गर्नु आवश्यक छ ।

६. बालबालिकाको कक्षामा प्रवेश गर्दाको समयमा नै विविधता सम्बोधनको नीति लिनु आवश्यक छ । यस्ता बाल बालिकाको स्तरोन्नतिका लागि उनीहरूका समस्याको यथार्थ पहिचान गरी सम्बोधनका उपायको खोजी हुनु आवश्यक छ । त्यसै आधारमा शिक्षक तालिमको व्यवस्थापन हुनुपर्छ । मध्यम र न्यून उपलब्धि स्तर भएका बालबालिकाको सम्बोधनको ख्याल गर्नु जरुरी हुन्छ ।

**विविधता सम्बोधनका लागि सकारात्मक उपचार**

कक्षाकोठाको बहुसाँस्कृतिक पक्षलाई दृष्टिगत गरी कक्षा संचालन, कक्षाको भाषिक र साँस्कृतिक विविधता सम्बोधन गर्न निम्नानुसार हुन आवश्यक ठानिएको छ । सकारात्मक सम्बोधनले नै कक्षामा देखिने विविधता सम्बोधन सम्भव हुन्छ ।

(क) विविधतालाई सकारात्मक रूपले सम्बोधन गर्नका लागि सामाजिक समर्थन पाउने गरी कक्षाकार्य सम्पादन गर्ने शीप जोड्ने र सबै विद्यार्थीलाई सम्बोधन हुने प्रभावकारी उपायको खोजी गर्नुपर्दछ । प्रोत्साहन, जानेका सिकाइमा विषय वस्तुको उपयोग, सिकारुका उत्तरका आधारमा कक्षा संचालनको अभ्यास, सिकारुका रुचिको पहिचान र त्यसका आधारमा कक्षा संचालन गर्दा विविधताको सकारात्मक सम्बोधन हुन पुग्दछ ।

(ख) सकारात्मक सम्बोधनका लागि विद्यार्थी केन्द्रीत कक्षा व्यवस्थापनलाई अघि बढाउनु अनिवार्य हुन्छ । स-साना समूह बनाउने र सिकाइका क्रियाकलाप अघि बढाउने, अन्तरक्रिया गराएर सिकाइ अघि बढाउने, समूहमा सिकाइका सहकार्यको प्रक्रिया अघि बढाउने, प्रतिस्पर्धा हुने वातावरण सिर्जना गर्ने, आफैं नियम बनाएर अघि बढ्न प्रोत्साहन गर्ने, अन्तरसाँस्कृतिक व्यवहारहरूको आदान प्रदान हुने वातावरण सिर्जना गर्ने जस्ता कार्यबाट सिकाइमा सक्रियता बढ्ने र सम्बोधनको बेग्लै विषय कक्षामा लगी राख्नु आवश्यक नपर्ने विश्वास गर्न सकिन्छ ।

(ग) कक्षामा विभिन्न जातजातिका बाल बालिका रहने हुनाले शिक्षकले

आफूलाई मानव जातिका विविध पक्षबाट टाढा राख्न हुँदैन बरु जातिको विज्ञका रूपमा आफूलाई प्रस्तुत गर्नु पर्छ । सबै परिस्थितिमा विषय वस्तुप्रति जिज्ञासु बन्ने प्रवृत्ति शिक्षकमा रहन्छ । यसले गर्दा बहुभाषिक मात्र होइन बहुसाँस्कृतिक र बहुजातीय विविधताको पहिचानमासमेत शिक्षकलाई सजिलो हुन्छ । यसले गर्दा जातिगत विशेषता तथा परम्परा, भिन्न साँस्कृतिक समूह, विद्यार्थीको पारिवारिक अवस्था, उनीहरूको ज्ञानका क्षेत्रमा अनुभवको जानकारी, कक्षामा सिकारुले खेल्ने भूमिकाका आधारमा सम्बोधनको अवस्था मिलाउनु सजिलो हुन्छ ।

(घ) विद्यार्थीमा भएको ज्ञान सिकाइको स्रोतका रूपमा उपयोग गर्न सकिन्छ । विद्यार्थीमा भएको ज्ञानात्मक पक्षको आँकलन शिक्षकले गरेको हुन्छ । विद्यार्थीसँग स्थानीय क्षेत्रको ज्ञानको मात्रा शिक्षकमा भन्दा बढी हुन्छ । बहुभाषिक कक्षामा शिक्षकले विद्यार्थीमा भएको भाषा र संस्कृतिको ज्ञानको पहिचान गरी त्यसलाई उपयोग गर्ने रणनीति अवलम्बन गरेमा विविधताको सम्बोधन गर्न निकै सहज हुन्छ । सिकारुमा भएको स्रोतको पहिचानले कक्षा मात्र नभई विद्यालय नै धनी हुन पुग्दछ । सिकारुमा भएको स्रोत शिक्षकको ज्ञानका स्रोत हो । त्यस्ता स्रोतको पहिचान तथा उपयोग नै विविधता सम्बोधनको प्रवल आधार बन्न जान्छ ।

(ङ) सकारात्मक सम्बोधनका लागि स्थानीय परिस्थितिलाई सिकाइको सिद्धान्तका रूपमा उपयोग गर्नुपर्छ । विविधताको मुख्य स्थान स्थानीय क्षेत्र हो । सिकाइका प्रत्येक आधार स्थानीय क्षेत्रबाट पाउन सकिन्छ । सफलताका लागि स्थानीय स्रोतको उपयोग, सानो समूह बिच अन्तरक्रिया, दुईजना वा समूहकार्यमा प्राथमिकता, अरूका व्यवहारको अवलोकन, समूहमा मूल्यांकन, प्रत्येक कामको मूल्यांकन, बालमैत्री वातावरण, सहज वातावरण सिर्जना जस्ता कार्यबाट नै सिकाइलाई सहज बनाउन सकिन्छ । यी विषयलाई सकारात्मक सम्बोधनका मेरुदण्ड नै भने पनि हुन्छ ।

**सन्दर्भ सामग्रीहरू**

अधिकारी, हेमाङ्ग राज (वि.सं. २०५८) प्राथमिक तहमा नेपाली भाषा शिक्षण समस्या र समाधानको दिशा, भक्तपुरः दूर शिक्षा केन्द्र ।

अधिकारी, हेमाङ्गराज र राई, विष्णुसिंह (वि.सं.२०६६) दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका लागि शिक्षक निर्देशन, भक्तपुरः शिक्षा विभाग ।

अधिकारी, रेसराज र खत्री, बालकृष्ण, (वि.सं. २०५९) समाज शास्त्र र मानव शास्त्रका सैद्धन्तिक दृष्टिकोणहरू, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, सुशन र अन्य (सन् २००९), नेपालमा बहुभाषिक शिक्षाका नीति तथा रणनीतिहरूको पुनरवलोकन, भक्तपुरः शिक्षा विभाग ।

एम्नेस्टी इन्टरनेसनल नेपाल (सन् २००७) एम्नेस्टी इन्टरनेसनल तथा मानव अधिकार, काडमाडौँः लेखक ।

कानुन किताब व्यवस्था समिति (वि.सं. २०४७) नेपाल अधिराज्यको संविधान, २०४७, काठमाडौँः लेखक ।

कानुन किताब व्यवस्था समिति (वि.सं. २०६३) नेपालको अन्तरिम संविधान , २०६३, काठमाडौँः लेखक ।

कानुन किताब व्यवस्था समिति (वि.सं. २०७२) नेपालको संविधान, २०७२, काठमाडौँः लेखक ।

कोइराला, विद्यानाथ र अन्य (सन् २००१) शैक्षिक प्रवर्धन, काठमाडौँः एजुकेसन इनोभेसन एन्ड रिसर्च ।

गुरुङ, चुन बहादुर (सं.) (वि.सं. २०६१) नेपालमा आदिवासी जनजातीय मातृभाषाको स्थितिः एक विश्लेषण, ललितपुरः अदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

गुरुङ, हर्क (सन् २००४) जनजाति सेरोफेरो, काठमाडौँः नेपाल अदिवासी जनजाति महासंघ ।

गुरुङ, ओम, इन्द्र तामाङ र भक्त योञ्जन (२००४) विश्व आदिवासी दिवस, २००४, ललितपुरः नेपाल अदिवासी जनजाति महासंघ ।

तथ्यांक विभाग (२००९-११ देखि २०४८ सम्म) जनगणना प्रतिवेदन, काठमाडौँः श्री ५ को सरकार ।

पाठ्यक्रम विकास केन्द्र (वि.सं. २०४९) प्राथमिक शिक्षा पाठ्यक्रम, भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र (वि.सं. २०५१) मातृभाषाको माध्यमबाट प्राथमिक शिक्षा सम्भाव्यता अध्ययन, (अप्रकाशित) भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र (वि.सं.२०५४) राष्ट्रिय भाषामा प्राथमिक शिक्षा प्रतिवेदन (अप्रकाशित), भक्तपुरः लेखक ।

मायर, थोमस र स्टिफ्टुङ्ग फ्रेड्रिक ईबर्ट (अनुवाद) (सन् २००६) प्रजातन्त्रः प्रजातान्त्रिक अभ्यास एक परिचय, ललितपुरः फ्रेड्रिक ईबर्ट स्टिफ्टुङ्ग ।

युनेस्को, (सन् २०१५), सबैका लागि शिक्षा २००० - २०१५ उपलब्धि र चुनौतीहरू सार सङ्क्षेप, काठमाडौंः सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन ।

युनेस्को (सन् २०१५), सबैका लागि शिक्षा २०००-२०१५ नेपालमा हालसम्मका उपलब्धि र बाँकी चुनौतीहरू सार संक्षेप, काठमाडौं : लेखक ।

राष्ट्रिय भाषा नीति सुझाव आयोग (वि.सं. २०५०) राष्ट्रिय भाषा नीति सुझाव प्रतिवेदन, काठमाडौंः लेखक ।

राष्ट्रिय योजना आयोग (वि.सं. २०५५) नवौं योजना (२०५४-२०५९) काठमाडौंः लेखक ।

राष्ट्रिय योजना आयोग (वि.सं. २०५५) चौधौं योजना (२०७३/०७४-२०७५/०७६), काठमाडौं : लेखक ।

राष्ट्रिय शिक्षा आयोग (वि.सं. २०४९) राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, काठमाडौंः लेखक ।

शिक्षा विभाग (वि.सं. २०५८/०५९) अध्ययन प्रतिवेदन, भक्तपुर : लेखक ।

शिक्षा विभाग (वि.सं. २०६१/०६२) शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन, भक्तपुरः लेखक ।

शिक्षा विभाग (वि.सं. २०६६) मातृभाषामा आधारित बहुभाषिक शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम पुस्तिका २०६६, भक्तपुरः लेखक ।

शिक्षा तथा खेलकुद मन्त्रालय, (सन् २००३) सबैका लागि शिक्षा २००४- २००९, काठमाडौं: लेखक ।

शिक्षा मन्त्रालय, (२०६६) विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२), काठमाडौं: लेखक ।

Association for the Development of Education in Africa (2003) *Accelerating paths to quality: A multi-faceted reality*, Paris: Author.

Awasthi, L.D. (2004) Exploring *monolingual school practices in multilingual Nepal.* (Unpublished PhD Reseach) Copenhagen, Denmark: The DeneshUniversity of Education.

Bialoystok, E. (2001) Bilingualism in development language, literacy and cognition**,** Cambridge: CambridgeUniversity Press.

Bordieu, P. (1973) *Cultural reproduction and social reproduction* in R. Brown (Ed.), Knowledge education and cultural change**,** London: Tavistock Publication.

Bourhis, R.Y. & Giles, H (1977) The principles of accommodation theory, Tollefson, J.W. (1999) *Planning language planning inequality language policy in the community,* London: Longman.

CBS (2001) *Population census, 2001***,** Kathmandu: Central Bureau of Statistics.

CBS (2003) *Population monograph of Nepal, vol I*, Kathmandu: Central Bureau of Statistics.

CBS (2003) *Population monograph of Nepal, vol II***.** Kathmandu: Central Bureau of Statistics.

CBS (2011) *National population and housung census 2011(National Report), vol 1.* Kathmandu: Central Bureau of Statistics.

CBS (2014) *Population monograph of Nepal, vol II.*

Kathmandu: Central Bureau of Statistics.

Comte, A. (1896) *Positive policy,* London: Bell and Sons.

CDC (2049) *Primary education curriculum* Bhaktapur: Curriculum Development Centre.

CDC (2049) *Primary education curriculum and textbook matters*, Bhaktapur: Curriculum Development Centre.

CHIRAG, (2001) *Bilingual Education,* Kathmandu: Author.

Chunningham, P.M. and Allington, R.L. (2007) *Classroom that work they can all read and write. (Fourth ed.),* Boston; Prarson.

Department of Education (2005) *Mother tongue intervention at primary level,* (Unpublished) Kathmandu: Centre for Research, Education and Development [CRED].

Department for International Development (DFID) (2003) *Synthesis report -researching teacher education: New prespectives on practice, preformance and policy*, London: Multi-Site Teacher Education Research Project (MUSTER).

DoE (2006-7) *Final flash 1 report 2006-7,* Bhaktpur: Department of Education

MoE (2016) *School sector devlopment plan 2016/17–2022/23 (BS 2073—2080),* Kathmandu: Ministry of Education.

UNESCO (2010) *EFA Global monitoring report: reaching the marginalised*, Paris: Oxford University press.

UNESCO (2005) *First language first: community-based literacy programmes contexts in Asia,* Bangkok: United Nations Educational and Scientific and Cultural Organisation.

UNESCO, (1979) *Trend in ethnic group relations in Asia and Oceania,* Paris: United Nations Educational and Scientific and Cultural Organisation.

UNESCO (1991) Education for all, purpose and context Jomtin Thailand, *World conference on education for all,* Paris: United Nations Educational and Scientific and Cultural Organisation.

UNESCO/UNICEF (2000) *Defining quality in education the international working group on education* Paris: UNESCO/UNICEF.

http://www/unicef.org/ girlseducation/fiies/Quality Education. PDF (2000). Internet, http:// megas pider. com /directory/home.htm.

UNESCO (2008) *Mother tongue matters: Local language as a key to effective learning,* Paris: United Nations Educational and Scientific and Cultural Organisation.

UNESCO (2010) EFA global monitoring report 2010, Paris: UNESCO & Oxford University.

Yadava, Y.P. (2003) Language, Central Bureau of Statistics, *Population monograph (Vol 1)***,** Kathmandu: CBS

Yadava, Y.P. (2014) Language, Central Bureau of Statistics *Population monograph (Vol II).* Kathmandu: CBS